# सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण

## २०७८ माघ-चैत
## सम्पादित प्रमुख क्रियाकलापहरुको विवरण

## राष्ट्रिय सूचना आयोग

काठमाडौं, नेपाल

# स्वतः प्रकाशन (Proactive Disclours)

नेपालको संविधानको धारा २७ मा रहेको नागरिकको सूचनाको हकको व्यवस्था बमोजिम सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हकसम्बन्धी नियमावली, २०६५ मा प्रत्येक सार्वजनिक निकायले आफ्ना गतिविधिहरुको विवरण ३/३ महिनामा प्रकाशित गर्नु पर्ने कानूनी व्यवस्था छ । यसका लागि ऐन र नियमावलीमा गरी २० वटा शीर्षक उल्लेख गरिएका छन् । सूचनाको हकको संरक्षण, सम्बर्द्धन र प्रचलन गराउन गठित यस स्वतन्त्र आयोगले २०७८ माघ-चैतको अवधिमा सम्पादित प्रमुख कार्यहरु अन्य निकायका लागि नमूना मार्गदर्शक समेत होस् भनी प्रकाशित गरेका छौं ।

सूचनाको हकसम्बन्धी ऐन, २०६४ र नियमावली, २०६५ अनुरुप माग भएका सूचनाहरु उपलब्ध नगराउने विरुद्ध प्राप्त उजुरी, निवेदन तथा पुनरावेदनका आधारमा सार्वजनिक निकायमा सूचना उपलब्ध गराउनु भन्ने आदेश जारी हुँदै आएको छ । आयोगबाट भएको आदेश पालना नगर्ने सार्वजनिक निकायहरुलाई सूचनाको हकसम्बन्धी ऐन र नियमावली बमोजिम जरिवानासमेत हुँदै आएको छ । यस अवधिमा ३७९ वटा उजुरी, निवेदन तथा पुनरावेदन आयोगमा दर्ता भएका छन् । ती सबै उजुरी पुनरावेदन तथा निवेदन उपर आयोगबाट यथोचित कारवाही भएको छ ।

यसै क्रममा, आयोगले आफ्नो नियमित विवरण प्रकाशित गर्दै आएको सन्दर्भमा आ.ब. २०७८।७९ सालको माघ, फागुन र चैत महिनामा सम्पादित कामको विवरण प्रस्तुत गरेको छ । यसलाई आयोगले तीन महिना सम्पन्न भएको एक हप्ताभित्र प्रकाशित गरेको छ । यसै बमोजिम सबै सार्वजनिक निकाय स्वयम् अग्रसर भई आ-आफ्नो विवरण सार्वजनिक गर्न आग्रह गरिन्छ ।

**राष्ट्रिय सूचना आयोग**

मिति : २०७८ बैशाख ७ गते

# विषयसूची


१. आयोगको स्वरुप र प्रकृति
२. आयोगको काम, कर्तव्य र अधिकार
३. आयोगमा रहने कर्मचारी संख्या र कार्य विवरण
४. आयोगबाट प्रदान गरिने सेवा
५. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी, सम्बन्धित शाखा प्रमुख
६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि
७. निवेदन, उजुरी उपर निर्णय गर्ने प्रक्रिया र अधिकारी
८. निर्णय उपर उजुरी सुन्ने अधिकारी
९. सम्पादन गरेको कामको विवरण
१०. सूचना अधिकारी र प्रमुखको नाम र पद
११. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची
१२. आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण
१३. तोकिए बमोजिमका अन्य विवरण
१४. अघिल्लो आ.व.मा सञ्चालित कार्यक्रमहरु
१५. सार्वजनिक निकायको वेबसाइट
१६. सूचना परियोजनामा प्राप्त भएको वैदेशिक सहायता, ऋण, अनुदान एवम् सम्झौता सम्बन्धी विवरण
१७. सार्वजनिक निकायले सञ्चालन गरेको कार्यक्रम र सोको प्रतिवेदन
१८. सार्वजनिक निकायले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली
१९. सार्वजनिक निकायमा परेको सूचना माग सम्बन्धी निवेदन र सूचना दिइएको विषय
२०. सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएको वा हुने भए सोको विवरण

# राष्ट्रिय सूचना आयोग

काठमाडौं, नेपाल

सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५(३) र नियमावली, २०६५को नियम ३ बमोजिम प्रकाशित विवरण

## २०७८ माघ-चैतको विवरण

## १. आयोगको स्वरुप र प्रकृति

सूचनाको हकसम्वन्धी ऐन, २०६४ अनुसार राष्ट्रिय सूचना आयोगको स्थापना भएको हो । यो आयोगमा एक जना प्रमुख सूचना आयुक्त र एक जना महिला सहित दुई जना सूचना आयुक्त रहने व्यवस्था छ । नेपाल सरकारको राजपत्राङ्कित प्रथम श्रेणीको अधिकृत आयोगको प्रशासकीय प्रमुख रहने व्यवस्था छ । आयोगले सार्वजनिक निकायमा रहेका सूचना नागरिकको पहुँचमा पुऱ्याउने, खुला र पारदर्शी संस्कृतिको विकास गर्ने, सार्वजनिक पदाधिकारीलाई जिम्मेवार तथा जवाफदेही बनाउने, सूचना सार्वजनिक गराउन सम्बन्धित निकायलाई आदेश दिने लगायतका काम गर्नुका साथै सार्वजनिक निकायका प्रमुख वा सूचना अधिकारीले त्यस्तो सार्वजनिक गर्नु पर्ने सूचना सार्वजनिक नगरे वा मागकर्तालाई नदिएमा उजुरी, पुनरावेदन सुन्ने तथा सजाय समेत गर्दछ । हाल आयोगको केन्द्रीय कार्यालय देवीनगर, बानेश्वर-१०, काठमाडौंमा रहेको  छ ।

**क) आयोगको दुरदृष्टि**

विकास, समृद्धि र सुशासनका लागि सूचनाको हकको प्रयोगबाट सुसूचित समाजको सिर्जना गर्ने ।

**ख) लक्ष्य**

व्यक्तिगत मौलिक हकको संरक्षण गर्दै सूचना माथि नागरिकको पहुँच अभिबृद्धि गर्ने ।

**ग) उद्देश्य**

१. सूचनाको हकको संरक्षण,  सम्बर्द्धन र प्रचलन गराउन राष्ट्रिय सूचना आयोगको कार्यान्वयन क्षमताको अभिबृद्धि गर्ने ।

२. छनौट भएका केन्द्रीय र स्थानीय सार्वजनिक निकायहरुमा सूचनाको माग र प्राप्ति सम्बन्धी व्यवस्थालाई सुदृढ गराउदै    लैजाने ।

३. सूचनाको मागमा वृद्धिका लागि क्रियाशील संस्थाहरुलाई अभिप्रेरित गर्ने तथा सहजीकरण गर्दै कार्यक्षमतामा अभिबृद्धि गर्नुको साथै सहजीकरण गर्दै लैजाने र आपूर्ति पक्षसँग सहजीकरण गर्ने ।

**घ) रणनीतिक प्राथमिकताहरु**

१. सूचनाको हकको प्रभावकारी कार्यान्वयनका लागि राष्ट्रिय सूचना आयोगको क्षमता अभिबृद्धि गर्ने ।

२. सूचनाको हकको कार्यान्वयनको लागि उपर्युक्त वातावरण निर्माण गर्ने ।

३. सूचनाको हकको कार्यान्वयनमा जवाफदेही, स्वःस्फूर्त र क्रियाशील संस्थाहरुको अभिबृद्धि गर्ने ।

## २. आयोगको काम, कर्तव्य र अधिकार

**सूचनाको हकसम्बन्धी ऐन, २०६४ बमोजिम आयोगको काम, कर्तव्य र अधिकार निम्नानुसार रहेको छः**

२.१ आयोग समक्ष परेको पुनरावेदन, निवेदन, उजुरी सुन्ने र तत्सम्बन्धी निर्णय र आदेश दिने ।

२.२. सूचनादाताको संरक्षण गर्ने ।

२.३. सार्वजनिक निकायका प्रमुख वा सूचना अधिकारीले मनासिव कारणबिना सूचना नदिएको वा दिन इन्कार गरेको, आंशिक रुपमा वा गलत सूचना दिएको वा सूचना नष्ट गरेको देखिएमा आयोगले त्यस्तो प्रमुख वा सूचना अधिकारीलाई एक हजारदेखि पच्चीस हजार रुपैयाँसम्म जरिवाना गरी त्यस्तो प्रमुख वा सूचना

अधिकारी विभागीय कारबाही हुने पदमा रहेको भए निजलाई विभागीय सजायको लागि सम्बन्धित निकायमा लेखी पठाउन सक्ने ।

२.४. क्षतिपूर्तिको लागि प्राप्त निवेदन उपर वास्तविक हानि नोक्सानीलाई विचार गरी मनासिब माफिकको क्षतिपूर्ति सम्बन्धित निकायबाट भराई दिन सक्ने ।

२.५. सार्वजनिक निकायमा रहेको सार्वजनिक महत्वको सूचना सम्बन्धी अभिलेख, लिखत तथा अन्य सामग्रीको अध्ययन तथा अवलोकन गर्ने ।

२.६. त्यस्तो निकायमा रहेको अभिलेख, लिखत वा अन्य सामग्री सम्बन्धी सूचना सूचीकृत गरी मिलाई राख्न आदेश दिने ।

२.७. नागरिकको जानकारीको लागि सूचना सार्वजनिक गर्न सम्बन्धित सार्वजनिक निकायलाई आदेश दिने ।

२.८. समय किटान गरी निवेदकले माग गरेको सूचना दिन सम्बन्धित सार्वजनिक निकायलाई आदेश दिने ।

२.९. यस ऐन बमोजिमको दायित्व पालना गर्न, गराउन सम्बन्धित पक्षलाई आदेश दिने ।

२.१०. नेपाल सरकार तथा सूचना तथा संचारसँग सम्बन्धित विभिन्न निकायहरुलाई सूचनाको हकको संरक्षण र सम्वर्द्धनका लागि आवश्यक सुझाव दिने वा सिफारिस गर्ने ।

२.११. सूचनाको हकको संरक्षण, सम्वर्द्धन र प्रचलन गर्नका लागि आवश्यक पर्ने अन्य उपयुक्त आदेश दिने आदि ।

## ३. आयोगमा रहने कर्मचारी संख्या र कार्य विवरण :

आयोगलाई आवश्यक पर्ने कर्मचारी नेपाल सरकारले व्यवस्था गर्ने कानूनी प्रावधान रहेको छ । हाल आयोगमा देहाय बमोजिमको ३७ स्विकृत दरवन्दीमध्ये हाल ३५ जना कर्मचारी कार्यरत रहेका छन् ।

| | | |
|---|---|---|
| ३.१ | स्वीकृत कर्मचारी दरवन्दी संख्या | ३७ जना |
| ३.२ | स्थायी कर्मचारी दरबन्दी संख्या | २१ जना |
| ३.३ | करार सेवा कर्मचारी | १६ जना |

# राष्टिय सूचना आयोगको संगठन संरचना



**स्वीकृत संगठन तथा व्यवस्थापन सर्वेक्षण अनुसार आयोगमा निम्न बमोजिम शाखाहरू रहेका छन् र यी शाखाहरुको कार्यहरु देहाय अनुसार रहेको छ।**

**३.१ प्रशासन शाखा**

- कर्मचारी प्रशासन सम्बन्धी काम गर्ने।
- आन्तरिक प्रशासन सम्बन्धी काम गर्ने।
- जिन्सी व्यवस्थापन गर्ने।
- आर्थिक प्रशासन सम्बन्धी कार्य गर्ने।
- वार्षिक कार्यक्रम तर्जुमा गर्ने।
- स्वीकृत कार्यक्रम सञ्चालन गर्ने गराउने।

**३.२ योजना, अनुगमन तथा प्रवर्द्धन शाखा**

- प्रचार प्रसार सामाग्रीहरुको निर्माण, प्रकाशन तथा प्रशारण गर्ने।
- सम्बन्धित सरोकारवाला निकाय, संघ सँस्था तथा गैरसरकारी सँस्थासँग समन्वय गरी प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गर्ने।
- गोष्ठी/सेमिनारहरुको सञ्चालन तथा व्यवस्थापन गर्ने।
- कार्यक्रमहरुको अनुगमन, मूल्याङ्कन, समन्वय, सुपरिवेक्षण र प्रतिवेदन सम्बन्धी कार्य गर्ने।
- सूचनाको हकसम्बन्धी प्रवर्द्धनात्मक क्रियाकलाप सञ्चालन गर्ने।
- सूचनाको हकसम्बन्धी सभा, गोष्ठी तथा सेमिनारमा भाग लिने।

**३.३ पुनरावेदन तथा फैसला कार्यान्वयन शाखा**

- सार्वजनिक निकायको प्रमुखले गरेको निर्णय उपर चित्त नबुझ्ने व्यक्तिले ३५ दिनभित्र आयोग समक्ष दिएको पुनरावेदनको कारवाही र किनारा गर्दा आयोगले सम्बन्धित प्रमुख वा सूचना अधिकारीलाई आफू समक्ष उपस्थित गराई बयान गराउने, कुनै लिखत पेश गर्न लगाउने, सो सम्बन्धमा साक्षी प्रमाण बुझ्ने तथा सार्वजनिक निकायबाट कुनै लिखतको नक्कल माग गर्ने सम्बन्धी
- पुनरावेदनको व्यहोरा मनासिब देखिएमा समयावधि तोकी पुनरावेदकलाई सूचना उपलब्ध गराउनु भनी सम्बन्धित निकायको प्रमुखको नाममा आदेश गर्ने सम्बन्धी।
- पुनरावेदन निरर्थक देखिएमा खारेज गर्ने सम्बन्धी।
- सो पुनरावेदनको सम्बन्धमा आवश्यक कारवाही गरी अन्तिम निर्णय गर्ने सम्बन्धी।

**४. आयोगबाट प्रदान गरिने सेवा :**

४.१ आयोग समक्ष परेको पुनरावेदन, निवेदन, उजुरी सुन्ने र तत्सम्बन्धी निर्णय र आदेश दिने।

४.२. सूचनादाताको संरक्षण गर्ने।

४.४. क्षतिपूर्तिको निवेदन परेमा मनासिब माफिकको क्षतिपूर्ति भराई दिने।

४.५. समय किटान गरी निवेदकले माग गरेको सूचना दिन सम्बन्धित सार्वजनिक निकायलाई आदेश दिने।

४.६ सूचनाको हकको संरक्षण, सम्वर्द्धन र प्रचलन गर्नका लागि आवश्यक पर्ने अन्य उपयुक्त आदेश दिने आदि।

राष्ट्रिय सूचना आयोगको

# नागरिक बडापत्र

| क्र.सं. | सेवाको किसिम | सेवा प्रदान गर्ने शाखा | तल्ला | सेवा प्रदान गर्ने कर्मचारीहरू | निर्णय प्रक्रिया तथा सेवा प्राप्त गर्न पेश गर्नुपर्ने कागजात | सेवा प्राप्त गर्न लाग्ने शुल्क | सेवा प्राप्त गर्न लाग्ने समय | सेवा प्राप्त नभएमा उजुरी/पुनरावेदन सुन्ने अधिकारी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | सार्वजनिक निकायबाट सूचना नपाएको, गलत वा अधुरो सूचना पाएको सम्बन्धमा पुनरावेदन | पुनरावेदन तथा फैशला कार्यान्वयन शाखा | दोस्रो तल्ला | – उप सचिव श्री विश्वबन्धु पौडेल<br>– कानुन अधिकृत सन्जिप कुमार अधिकारी<br>– शाखा अधिकृत श्री मन्दिरा महर्जन<br>– नायव सुब्बा श्री विदुर आचार्य<br>– क.अ. श्री गौरव गुरुङ | – सार्वजनिक निकायको प्रमुखले गरेको निर्णय उपर चित्त नबुझ्ने व्यक्तिले ३५ दिनभित्र आयोग समक्ष पुनरावेदन दिनसक्ने ।<br>– यसरी प्राप्त पुनरावेदनको कारवाही र किनारा गर्दा आयोगले सम्बन्धित प्रमुख वा सूचना अधिकारीलाई आफू समक्ष उपस्थित गराई बयान गराउन, कुनै लिखत पेश गर्न लगाउन, सो सम्बन्धमा साक्षी प्रमाण बुझ्न वा सार्वजनिक निकायबाट कुनै लिखतको नक्कल माग गर्ने ।<br>– पुनरावेदनको व्यहोरा मनासिव देखिएमा समयावधि तोकी पुनरावेदकलाई विना शुल्क सूचना उपलब्ध गराउनु भनी सम्बन्धित निकायको प्रमुखको नाममा आदेश गर्ने ।<br>– पुनरावेदन निरर्थक देखिएमा खारेज गर्ने ।<br>– सो पुनरावेदनको सम्बन्धमा आवश्यक कारवाही गरी अन्तिम निर्णय गर्ने र आयोगको आदेशको कार्यान्वयनको अनुगमन गर्ने । | कुनै शुल्क नलाग्ने | पुनरावेदन परेको ६० दिनभित्र | आयोगले गरेको सजाय उपर पुनरावेदन अदालतमा पुनरावेदन लाग्ने, अन्यको हकमा पुनरावेदन नलाग्ने । आयोगको कार्य र प्रक्रियाका सम्बन्धमा प्रमुख सूचना आयुक्त समक्ष उजूरी गर्न सकिने । | |
| २. | योजना तर्जुमा गर्ने, सूचनाको हकको प्रवर्द्धन गर्ने तथा अनुगमन गर्ने | योजना तथा प्रवर्द्धन शाखा | पहिलो तल्ला | – उप सचिव श्री बाबुराम खनाल<br>– शाखा अधिकृत डिल्ली राम भट्ट | – योजना तथा प्रवर्द्धन शाखा प्रमुखले वार्षिक रूपमा संचालन गर्ने कार्यक्रम तयार गर्ने ।<br>– स्वीकृत वार्षिक कार्यक्रम अनुसार गर्नुपर्ने कामहरूको बजेट, कार्यक्रम र औचित्य समेत विचार गरी कार्यक्रम संचालनको लागि अवधारणा तयार गर्ने र कार्यान्वयन गर्ने ।<br>– सूचना परियोजना कार्यान्वयन गर्ने । | कुनै शुल्क नलाग्ने | निरन्तर | सचिव भागिरथ पाण्डेय | |
| ३. | आयोगको दैनिक प्रशासन संचालन | प्रशासन शाखा | पहिलो तल्ला | – उप सचिव श्री कपिल प्रसाद उपाध्याय<br>– शाखा अधिकृत हरिहर कार्की<br>– नायव सुब्बा श्री देव बहादुर घिमिरे | – कर्मचारी प्रशासन, आर्थिक प्रशासन, आन्तरिक प्रशासन गर्ने ।<br>– स्टोर व्यवस्थापन लगायत सबै काम गर्ने । | कुनै शुल्क नलाग्ने | कुनै शुल्क नलाग्ने | सचिव भागिरथ पाण्डेय | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | – नायव सुब्बा श्री हेमन्त रिज्याल<br>– क.अ. श्री रविन गौतम | – आयोगसँग सम्बन्धित सूचना माग भएबमोजिम उपलब्ध गराउने । | | | | |
| ४ | सूचना अधिकारी /नोडल अफिसर | | | उप सचिव विश्वबन्धु पौडेल मो.नं. ९८५१२४४६६५ | | कुनै शुल्क नलाग्ने | कुनै शुल्क नलाग्ने | | |

## ५. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी, सम्बन्धित शाखा प्रमुख

| सि.नं. | शाखा | कर्मचारीको नाम | पद | कैफियत |
|---|---|---|---|---|
| १. | प्रशासन शाखा | श्री कपिल प्रसाद उपाध्याय | उप सचिव | |
| | | श्री हरिहर कार्की | शाखा अधिकृत | |
| | | श्री | शाखा अधिकृत | |
| | | श्री हेमन्त रिज्याल | नायव सुब्बा | |
| | | श्री देव | नायव सुब्बा | |
| | | श्री रन्जना दाहाल | नायव सुव्वा | |
| | | श्री रबिन गौतम | कम्प्युटर अपरेटर | |
| २. | योजना तथा प्रवर्द्धन शाखा | श्री सीता निरौला फुयाल् | उप सचिव | |
| | | श्री डिल्ली राम भट्ट | शाखा अधिकृत | |
| ३. | पुनरावेदन तथा फैसला कार्यान्वयन शाखा | श्री विश्वबन्धु पौडेल | उप सचिव (कानून) | |
| | | श्री सन्जिप कुमार अधिकारी | कानून अधिकृत | |
| | | श्री | नायव सुब्बा | |
| | | श्री शान्ता न्यौपाने | नायव सुव्वा | |
| | | श्री गौरव गुरुङ्ग | कम्प्युटर अपरेटर | |
| ४. | सचिवालय | श्री  श्री कृष्ण खत्री | शाखा अधिकृत | प्रमुख सूचना आयुक्त तथा सूचना आयुक्त |
| | | श्री मन्दिरा महर्जन | शाखा अधिकृत | सूचना आयुक्त |
| | | श्री प्रदिप कुमार दाहाल | शाखा अधिकृत | |
| ५. | आर्थिक प्रशासन शाखा | श्री यज्ञराज उप्रेती | लेखा अधिकृत | |
| | | श्री लक्ष्मण अर्याल | लेखापाल | |

## ६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि

दश पेजसम्मको सूचना निःशुल्क प्राप्त हुने र सो भन्दा माथि भएमा प्रति पेज रु ५।– दस्तुर लाग्ने, सूचनाको प्रकृति हेरी बढीमा १५ दिनसम्मको अवधि लाग्ने । आयोगमा परेका उजुरी, निवेदन र पुनरावेदनको सम्बन्धमा कुनै दस्तुर नलाग्ने ।

## ७. निवेदन, उजुरी उपर निर्णय गर्ने प्रक्रिया र अधिकारी

### निवेदन, उजुरी उपर निर्णय गर्ने प्रक्रिया

नागरिकले माग गरेको सूचना १५ दिनभित्र पनि सूचना अधिकारीले उपलब्ध नगराए नागरिक सूचना अधिकारी विरुद्व उजुरी गर्न कार्यालय प्रमुख समक्ष जानुपर्नेछ । कार्यालय प्रमुख समक्ष उजुरी परेको ७ दिनभित्र कार्यालय प्रमुखले सूचना अधिकारीमार्फत् वा आफैं नागरिकलाई सूचना उपलब्ध गराउनुपर्छ । ७ दिनभित्र कार्यालय प्रमुखले पनि नागरिकलाई सूचना उपलब्ध नगराए नागरिकले त्यसको ३५ दिनभित्र सूचना अधिकारी र कार्यालय प्रमुख विरुद्व राष्ट्रिय सूचना आयोगमा पुनरावेदन गर्न सक्नेछन् ।

### निर्णय गर्ने अधिकारी

सचिव भागिरथ पाण्डेय

## ८. निर्णय उपर उजुरी सुन्ने अधिकारी

सचिव भागिरथ पाण्डेय

९. **सम्पादन गरेको कामको विवरण (२०७८ माघ-चैत)**

१०. **Facebook/Twitter : https://www.facebook.com/rtinepal,**
**: https://twitter.com/suchanaayog आयोगबाट भईरहेको कामकारवाहीको सूचना प्राप्त गर्न सकिने ।**

११. **कार्यालय प्रमुख र सूचना अधिकारीको नाम र पद**

१. कार्यालय प्रमुख सचिव भागिरथ पाण्डेय
२. सूचना अधिकारी उपसचिव श्री विश्वबन्धु पौडेल

१२. **ऐन, नियम, विनियम वा निर्देशिकाको सूची**

**नेपालको संविधान**

- सूचनाको हकसम्बन्धी ऐन, २०६४
- सूचनाको हकसम्बन्धी नियमावली, २०६५,
- सूचनाको हक कार्यान्वयन निर्देशिका, २०६७
- सरकारी निकायले स्वतः प्रकाशन गर्नु पर्ने विवरण सम्बन्धी निर्देशिका,२०७१
- राष्ट्रिय सूचना आयोगका पदाधिकारीहरुको आचार संहिता, २०७७
- राष्ट्रिय सूचना आयोगका कर्मचारीहरुको आचारसंहिता,२०७१
- आयोगको बैठक व्यवस्था सम्बन्धी कार्यविधि, २०७२
- निवेदनको कारवाही किनारा गर्ने सम्बन्धी कार्यविधि, २०७२
- उजुरी कारवाही किनारा गर्ने सम्बन्धी कार्यविधि, २०७२
- पुनरावेदन कारवाही किनारा गर्ने सम्बन्धी कार्यविधि, २०७२
- सूचना अधिकारीको काम, कर्तव्य र अधिकार सम्बन्धी निर्देशिका, २०७३
- राष्ट्रिय सूचना आयोगको इजलास सञ्चालन सम्बन्धी निर्देशिका, २०७५
- सूचनाको हक कार्यान्वयन सम्बन्धी अनुगमन निर्देशिका, २०७६

## १३. आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण

**पुजिगततर्फ**

| वजेट शीर्षक | बार्षिक बजेट | पुस महिनासम्मको खर्च | बाकी |
|---|---|---|---|
| मेशिनरी औजार | ४००००० | ३९८९१३ | १०८७ |
| फर्निचर तथा फिक्चर्स | ४००००० | ६५७६७२ | ४२३२८ |
| जम्मा | ८००००० | ७५६५८५ | ४३४१५ |

**चालुतर्फ**

| वजेट शीर्षक | बार्षिक बजेट | चैत महिनासम्मको खर्च | बाकी |
|---|---|---|---|
| पारिश्रमिक कर्मचारी | ११५००००० | ८०९८८०।५० | ३३२२६४०।५० |
| पारिश्रमिक पदाधिकारी | २८००००० | २२१२९१८ | ५८७०८२ |
| पोशाक | २००००० | १७०००० | ३०००० |

| | | | |
|---|---|---|---|
| औषधी उपचार खर्च | २००००० | ०० | २००००० |
| महंगी भत्ता | ५००००० | ३१७१३३ | १८२८६७ |
| कर्मचारीको बैंक भत्ता | २००००० | ० | २००००० |
| अन्य भत्ता | २००००० | १८०० | १९८२०० |
| पदाधिकारी बैठक भत्ता | २००००० | ४४००० | १५६००० |
| योगदानमा आधारित निवृत्तिभरण तथा उपदान कोष खर्च | १००००० | ० | १००००० |
| योगदानमा आधारित विमाकोष खर्च | १००००० | ६३६०० | ३६४०० |
| पानी तथा विजूली | ६००००० | ९०६६० | ५०९३४० |
| सञ्चार महसूल | ८००००० | ३५६१९५ | ४४३८०५ |
| इन्धन (पदाधिकारी) | ५००००० | ३८६२६७ | ११३७३३ |
| इन्धन (कार्यालय प्रयोजन) | ६००००० | ४२८२५०।९९ | १७१७४९।०१ |
| सवारी साधन मर्मत खर्च | १४००००० | ८६०२२६ | ५३९७७४ |
| विमा तथा नविकरण खर्च | ५००००० | ० | ५००००० |
| मसलन्द तथा कार्यालय सामाग्री | १२००००० | ६७९७६३ | ५२०२३७ |
| पूस्तक तथा सामाग्री खर्च | १००००० | ३००० | ९७०००० |
| इन्धन अन्य प्रयोजन | २००००० | ३८३२६ | १६१६७४ |
| पत्रपत्रिका, छपाई तथा सुचना प्रकाशन | ३००००० | ३४४८० | २६५५२० |
| सेवा र परामर्श खर्च | ३००००० | ८८१४० | २११८६० |
| करार सेवा शूल्क | ५२००००० | ४३२४५८० | ८७५४२० |
| सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठि सम्बन्धी खर्च | २४००००० | २२५१११५ | १४८८८५ |
| कार्यक्रम खर्च | ४१००००० | १११६६६० | २९८३३४० |
| विविध कार्यक्रम खर्च | ५८००००० | ३९५९१८० | २१४०८२० |
| अनूगमन | ७००००० | ४६२९४० | २३७०६० |
| विविध खर्च | ५००००० | २०००१० | २९९९९० |
| घरभाडा | ४७००००० | २९८३९६४ | १७१६०३६ |
| कुल जम्मा | ४६२००००० | २९२५०५६७४९ | १६९४९४३२।५१ |

## १४. तोकिए बमोजिमका अन्य विवरण :

- चालु आ.व. ०७८/७९ (माघ-चैत) मा उजुरी,निवेदन र पुनरावेदनको विवरण ३७९ वटा

राष्ट्रिय सूचना आयोग
देवीनगर काठमाण्डौं
पुनरावेदन तथा उजुरी सम्वन्धी मासिक विवरण
२०७८/७९ को माघ, फागुन र चैत महिनासम्म

| क. सं. | विवरण | प्राप्त कूल संख्या | | | | लिखित जवाफ माग ( दफा १० उपदफा २ बमोजिम) | | सूचना दिन आदेश ( दफा १० उपदफा ३ खण्ड क बमोजिम) | | पुनरावेदन बदर ( दफा १० उपदफा ३ खण्ड ख बमोजिम) | | कारवाहीको प्रस्ताव सहित लिखित जवाफ (दफा ३२ बमोजिम) | | कारवाहीको आदेश (दफा ३२ बमोजिम) | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | यस महिना | | यस महिना सम्म | | यस महिना | यस महिना सम्म | यस महिना | यस महिना सम्म | यस महिना | यस महिना सम्म | यस महिना | यस महिना सम्म | यस महिना | यस महिना सम्म | |
| | | आफ्नो | सार्वजनिक चासो | आफ्नो | सार्वजनिक चासो | | | | | | | | | | | |
| १ | पुनरावेदन (दफा १०) | - | ३७९ | - | १०३८ | ३७८ | ७३१ | ३५९ | ६३९ | १८ | ७४ | १ | २ | १ | २ | - |
| २ | जिउ ज्यानको सुरक्षासंग सम्वन्धित (दफा ७ उपदफा ४) | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - |
| ३ | दरपिठ (नियम ५ उपनियम ५) | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - |
| ४ | सूचनाको दुरुपयोग सम्वन्धी उजुरी ( दफा ३१) | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - |
| ५ | सजाय गर्न उजुरी (दफा ३२) | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - |
| ६ | क्षतिपुर्ति माग ( दफा ३३) | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - |
| ७ | आयोगको निर्णय उपर पुनरावेदन ( दफा ३४) | - | गरेको | - | - | - | - | - | - | - | - | - | - | - | - | श्री उच्च अदालत, पाटन |
| ८ | अन्य उजुरी | | | | | | | | | | | | | | | |
| | जम्मा | - | ३७९ | - | १०३८ | ३७८ | ७३१ | ३५९ | ६३९ | १८ | ७४ | १ | २ | १ | २ | - |

## १५. आ.व. ०७७/७८ (माघ-चैत) मा सञ्चालित मुख्य मुख्य कार्यक्रमहरुको विवरण

### १५.१ रुकुम पूर्व जिल्लामा सूचनाको हकसम्बन्धी अन्तरक्रिया कार्यक्रम

मिति : २०७८ चैत ०९ गते बुधबार

कार्यक्रममा आयोगका सूचना आयुक्त श्री रत्नप्रसाद मैनालीले जिल्लास्थित कार्यालय प्रमुख र सूचना अधिकारीको आधारभूत दायित्व विषयमा कार्यपत्र प्रस्तुत गर्दै सूचनाको हक संवैधानिक र कानूनी रुपमा व्यवस्था भएको नागरिक अधिकार, सूचना माग गर्दै गरिएको निवेदनमा कुनै टिकट वा शुल्क नलाग्ने, निवेदनमा तोक लगाउने व्यवस्था नगर्ने हुलाक, इमेल, फ्याक्सबाट पनि निवेदन लिने अनिवार्य रुपमा इमेल चेक गर्ने, ३/३ महिनामा स्वतः प्रकाशन गर्नुपर्ने, सूचना माग गरेको इन्कार गरेको, उजुरी गरेको पुनरावेदन परेको जस्ता विषयहरु समेट्ने गरी छुट्टै रजिष्ट्रर राख्ने । यसको मासिक प्रतिवेदन जिल्ला प्रशासन कार्यालय र आयोगमा पठाउने, सूचना मागकर्तासँग राम्रो व्यवहार गर्ने र सहजीकरण गर्ने , जिल्ला स्थित सार्वजनिक निकाय वा संस्थाहरुबाट सम्पादन हुने तथा भएका सूचनाको हकका सम्बन्धका क्रियाकलापबारेको सूचना र जानकारी फोटो सहित राष्ट्रिय सूचना आयोगमा पठाउने जस्ता विविध विषयहरुमा चर्चा गर्दै सहभागीहरुले उठाएका जिज्ञासाहरुको समाधान सहित समापन मन्तव्य राख्नुभएको थियो । कार्यक्रमा समन्वय समितिका अध्यक्षले सूचनाको हकले लोकतन्त्रलाई मजबुत र बलियो बनाई सुशासन कायम गराउन मद्दत गराउँदछ । सूचनाको हकबाटै आम नागरिकका जन सरोकारका विषयहरुको बारेमा चासो र जिज्ञासाको समाधान हुने भएकोले यसलाई बलियो रुपमा कार्यान्वयन गर्दै लैजाउनुपर्ने, अझ स्थानीय तहका जनप्रतिनिधी, कर्मचारी समुदाय र समुहहरुसँग अन्तरक्रिया गर्न पाएको भए स्थानीय तहका गुनासाहरु कम हुने थिए कि भन्ने बिचार व्यक्त गर्नुभयो ।

त्यस्तै कार्यक्रममा प्रमुख जिल्ला अधिकारी श्री कृष्ण खड्काले सूचनादाताले सूचना लुकाउने प्रवृत्ति हटाउनुपर्ने, सूचना मागकर्ताले पूर्वाग्रहरहीत तवरले सूचना माग गर्नुपर्ने । यस जिल्लामा रहेका सार्वजनिक निकायलाई सूचनाको हक कार्यान्वयन सम्बन्धमा कुनै समस्या अफठ्यारो आई परेमा प्रमुख जिल्ला अधिकारीको हैसियतबाट पूर्ण सहयोग रहने प्रतिबद्धता व्यक्त गर्नुभयो। सूचना मागकर्ताको सुरक्षा प्रत्याभूति दिलाउने बताउनुभयो। मन्तव्य राख्दै रुकुम पूर्व महासंघका अध्यक्ष लक्ष्मण के.सीले सूचनाको हक सञ्चारकर्मीको मात्र नभई सूचनाको मागबारे सर्वसाधारणलाई प्रोत्साहन गर्नुपर्ने साथै गतबर्ष भएका सूचनामध्ये १५ प्रतिशत सूचना व्यक्तिगत रिसइविका कारण माग भएको, सूचना माग गर्दा उक्त सूचनाको असरको पनि ख्याल गर्नुपर्ने प्राप्त सूचनाहरुमा सर्वसाधारणहरुले प्रष्ट बुझिने स्पष्ट भाषा प्रयोग भएको हुनुपर्ने जस्ता विषयहरु राख्नुभएको थियो ।

उक्त कार्यक्रममा आयोगका सचिव श्री भागीरथ पाण्डेयले सूचनाको हक कार्यान्वयन सम्वन्धी कार्यपत्र प्रस्तुती गर्नु भएको थियो । कार्यपत्र प्रस्तुतीका क्रममा प्रवाह नगरिने सूचनाहरु दफा ३ को उपदफा ३ वमोजिम नेपालको सार्वभौमसत्ता, अखण्डता, राष्ट्रिय सुरक्षा, सार्वजनिक शान्ति सुव्यव्था र अन्तराष्ट्रिय सम्बन्धमा गम्भीर खलल पार्ने ।अपराधको अनुसन्धान, तहकिकात तथा अभियोजनमा प्रत्यक्ष असर पार्ने । आर्थिक , व्यापारिक तथा मौद्रिक हित वा बौद्धिक सम्पतिको संरक्षण वा व्यापारिक गोपनियतामा गम्भिर आघात पार्ने ।विभिन्न जातजाती वा सम्प्रदाय वीचको सुसम्बन्धमा प्रत्यक्ष रुपमा खलल पार्ने । व्यक्तिगत गोपनीयता र व्यक्तिको जीउ , ज्यान , सम्पति , स्वास्थ्य वा सुरक्षामा खतरा पुर्याउने विषय रहेको साथै सूचना अधिकारीको व्यवस्था दफा ६ वमोजिम सार्वजनिक निकायमा सूचना प्रवाह गर्न सूचना अधिकारीको व्यवस्था गरी निजलाई नियमितरुपमा सूचना उपलव्ध गराउनु पर्ने । आवश्यक परेमा सुचना शाखाको व्यवस्था गर्न सकिने । सूचना माग कर्ताले मागेको सूचना संभव भए तत्काल र नभए १५ दिन भित्र दिनु पर्ने तर जीउ ज्यानको सुरक्षासँग सम्बन्धित सूचना २४ घण्टा भित्र उपलव्ध गराउनु पर्ने । संभव भए सम्म मागेको स्वरुपमा उपलव्ध गराउनु पर्ने विषय रहेको र सार्वजनिक निकाय प्रमुखमा

उजुरी दिन सकिने दफा ९ वमोजिम सूचना अधिकारीवाट सूचना नपाएमा ७ दिन भित्र कार्यालय प्रमुख समक्ष उजुरी दिन सकिने र प्रमुखले सूचना अधिकारीलाइ सूचना दिन आदेश दिन सक्ने विषय रहेको विचार व्यक्त गर्नु भएको थियो । पुनरावेदन गर्न सकिने दफा १० वमोजिम सूचना नपाएमा ३५ दिन भित्र आयोग समक्ष पुरनावेदन दिन सकिने । आयोगले पुनरावेदन परेको ६० दिन भित्र आवश्यक कार्वाही गरी अन्तिम निर्णय गरिसक्नु पर्ने । आयोगले जाँचवुझ गर्दा ठीक ठहर्याएमा समयावधि तोकी सूचना उपलव्ध गराउन कार्यालय प्रमुखको नाममा आदेश दिन सक्ने । पुनरावेदन निरर्थक देखिएमा आयोगले खारेज गर्ने व्यवस्था रहेको । साथै राष्ट्रिय सूचना आयोग र यसको काम कर्तव्य लगायतका विषयमा कार्यपत्र प्रस्तुत गर्नु भएको थियो ।

उक्त कार्यक्रममा स्वागत मन्तव्य राख्दै आयोगका उपसचिव विश्ववन्धु पौडेलले नागरिकले माग गरेका सूचना उचित समयभित्र प्राप्त नभएमा वा गलत वा आशिंक सूचना मात्र प्रवाह गरेमा वा भएको सूचना नष्ट गरेमा सो कार्यका विरुद्ध राष्ट्रिय सूचना आयोगमा उजुरी, निवेदन तथा पुनरावेदन गर्न पाउने अधिकार छ । सूचनाको हक सम्बन्धी कानूनको कार्यान्वयनमा पनि सार्वजनिक निकायहरु र त्यसमा पनि उक्त निकायका प्रमुखको भूमिका महत्वपूर्ण रहने हुनाले ,कार्यालय प्रमुख, सूचना अधिकारी र आम सरोकारवालाहरुलाई सूचनाको हक सम्बन्धी विषयमा जानकारी गराउनु, निजहरुले निर्वाह गर्नुपर्ने विषयमा जनचेतना जगाउनु, सूचनाको हक सम्बन्धी विषयमा उत्पन्न भएका द्विविधाहरुलाई एउटै थलोवाट संवोधन गर्नु आदि आजको कार्यक्रमको उद्देश्य रहेका छन भन्दै सूचनाको हक सम्बन्धी अन्तरक्रिया कार्यक्रममा उपस्थित सवैलाई स्वागत गर्नु भएको थियो ।

**विक्रम परियार :** सूचना माग गर्दा तथा दिदा एकले अर्कोलाई दोस दिनुभन्दा सरल र सहज तरिकाले सूचना दिने लिने संस्कृतिको विकास गराउन सूचना आयोगले भूमिका खेल्नपर्‍यो ।

**दिपक आचार्य :** सूचना मागगर्दा स्थापनाकालदेखि हालसम्मको खर्च विवरणको फोटोकपि माग गर्ने परिपाटी रहेकोले यस्ता प्रकारका सूचना उपलब्ध गराउन असम्भव र कठिन भएकोले मूर्त खालका र आवश्यक पर्ने व्यक्तिले मात्र माग गर्ने वातावरणको सूचना आयोगले पहल गर्नुपर्ने ।

**रबिन वि.क.** सूचना संकलनको लागि सूचना अधिकारीलाई फोन गर्दा सकभर सूचना दिन नचाएको र कार्यालयमा भएका गतिविधिहरुको जानकारी समयमा नदिने गरेकोले जिम्मेवार नभएको देखियो ।

### १५.२ रुकुम पश्चिम जिल्लामा सूचनाको हकसम्बन्धी अन्तरक्रिया कार्यक्रम

मिति : २०७८ चैत १० गते विहिबार

कार्यक्रममा आयोगका सूचना आयुक्त श्री रत्नप्रसाद मैनालीले जिल्लास्थित कार्यालय प्रमुख र सूचना अधिकारीको आधारभूत दायित्व विषयमा कार्यपत्र प्रस्तुत गर्दै सूचनाको हक संवैधानिक र कानूनी रुपमा व्यवस्था भएको नागरिक अधिकार, सूचना माग गर्दै गरिएको निवेदनमा कुनै टिकट वा शुल्क नलाग्ने, निवेदनमा तोक लगाउने व्यवस्था नगर्ने हुलाक, इमेल, फ्याक्सबाट पनि निवेदन लिने अनिवार्य रुपमा इमेल चेक गर्ने, ३/३ महिनामा स्वतः प्रकाशन गर्नुपर्ने, सूचना माग गरेको इन्कार गरेको, उजुरी गरेको पुनरावेदन परेको जस्ता विषयहरु समेट्ने गरी छुट्टै रजिष्ट्रार राख्ने । यसको मासिक प्रतिवेदन जिल्ला प्रशासन कार्यालय र आयोगमा पठाउने, सूचना मागकर्तासँग राम्रो व्यवहार गर्ने र सहजीकरण गर्ने , जिल्ला जिल्लास्थित सार्वजनिक निकाय वा संस्थाहरुबाट सम्पादन हुने तथा भएका सूचनाको हकका सम्बन्धका क्रियाकलापबारेको सूचना र जानकारी फोटोसहित राष्ट्रिय सूचना आयोगमा पठाउने जस्ता विविध विषयहरुमा चर्चा गर्दै सहभागीहरुले उठाएका जिज्ञासाहरुको समाधान सहित समापन मन्तव्य राख्नुभएको थियो । कार्यक्रममा समन्वय समितिका अध्यक्ष मन्तव्य राख्दै सूचनाको हक संविधानको मौलिक हकमा समावेश गरिएकाले आम नागरिकको जान्न पाउने हक अधिकार सुरक्षित भएको खण्डमा सुशासन कायम गराउदै

गणतन्त्र स्थापित गराउन म मद्दत पुर्‍याउँदछ। सूचनाको हकबाटै सर्वसाधारण नागरिकले जन सरोकारवाला विषयहरुको बारेमा जिज्ञासा राख्न पाउने व्यवस्था संविधानमै उल्लेख भएकाले नागरिकको आधारभूत अधिकारको रुपमा सूचनाको हकलाई लिनुपर्दछ । अझ स्थानीय तहका नागरिकहरु जति बढी सूचनाको हकमा सुसुचित भएको खण्डमा आफूले प्राप्त गर्ने सेवा सुविधाको बारेमा जानकार हुने थिए भन्ने बिचार व्यक्त गर्नुभयो ।

कार्यक्रममा मन्तव्य रुकुम पश्चिमका प्रमुख जिल्ला अधिकारी श्री परमानन्द घिमिरेले रुकुम पश्चिम जिल्लामा सूचनाको हकको पूर्ण कार्यान्वयन गराउन प्रतिबद्धता व्यक्त गर्नुभयो । सूचना मागकर्ताले आफूलाई आवश्यक परेको सूचना मात्र माग गरेको खण्डमा सूचना समयमै पाइने, प्रत्येक कार्यालयहरुले आफ्नो ३/३ महिनामा जारी गर्ने स्वत प्रकाशनबाट आम नागरिक सुसुचित भएको खण्डमा सूचना माग्नुपर्ने वातावरण नै सिर्जना नहुने कुरा बताउनुभयो । यस जिल्लामा सयम समयमा सूचना अधिकारी र कार्यालय प्रमुखहरुको बैठक बसी सूचनाको हकको कार्यान्वयनमा निर्देशन दिने गरेको पनि बताउनुभयो ।

कार्यक्रममा मन्तव्य राख्दै रुकुम पूर्व महासंघका अध्यक्ष लक्ष्मण के.सीले सूचनाको हक सञ्चारकर्मीको मात्र नभई सूचनाको मागबारे सर्वसाधारणलाई प्रोत्साहन गर्नुपर्ने साथै गतबर्ष भएका सूचनामध्ये १५ प्रतिशत सूचना व्यक्तिगत रिसइविका कारण माग भएको सूचना माग गर्दा उक्त सूचनाको असरको पनि ख्याल गर्नुपर्ने प्राप्त सूचनाहरुमा सर्वसाधारणहरुले प्रष्ट बुझिने स्पष्ट भाषा प्रयोग भएको हुनुपर्ने, आवश्यकताको आधारमा सूचना माग गर्ने बानिको विकास गर्नुपर्ने जस्ता विषयहरु राख्नुभएको थियो ।

कार्यक्रममा आयोगका सचिव श्री भागीरथ पाण्डेयले सूचनाको हक कार्यान्वयन सम्वन्धी कार्यपत्र प्रस्तुती गर्नु भएको थियो । कार्यपत्र प्रस्तुतीका क्रममा प्रवाह नगरिने सूचनाहरु दफा ३ को उपदफा ३ वमोजिम नेपालको सार्वभौमसत्ता, अखण्डता, राष्ट्रिय सुरक्षा, सार्वजनिक शान्ति सुव्यव्था र अन्तराष्ट्रिय सम्बन्धमा गम्भीर खलल पार्ने । अपराधको अनुसन्धान, तहकिकात तथा अभियोजनमा प्रत्यक्ष असर पार्ने । आर्थिक , व्यापारिक तथा मौद्रिक हित वा वौद्धिक सम्पतिको संरक्षण वा व्यापारिक गोपनियतामा गम्भिर आघात पार्ने । विभिन्न जातजाती वा सम्प्रदाय वीचको सुसम्बन्धमा प्रत्यक्ष रुपमा खलल पार्ने ।व्यक्तिगत गोपनियता र व्यक्तिको जीउ , ज्यान , सम्पति , स्वास्थ्य वा सुरक्षामा खतरा पुर्याउने विषय रहेको साथै सूचना अधिकारीको व्यवस्था दफा ६ वमोजिम सार्वजनिक निकायमा सूचना प्रवाह गर्न सुचना अधिकारीको व्यवस्था गरी निजलाई नियमितरुपमा सूचना उपलव्ध गराउनु पर्ने । आवश्यक परेमा सुचना शाखाको व्यवस्था गर्न सकिने। सूचना माग कर्ताले मागेको सूचना संभव भए तत्काल र नभए १५ दिन भित्र दिनु पर्ने।तर जीउ ज्यानको सुरक्षासँग सम्बन्धित सूचना २४ घण्टा भित्र उपलव्ध गराउनु पर्ने । संभव भए सम्म मागेको स्वरुपमा उपलव्ध गराउनु पर्ने विषय रहेको र सार्वजनिक निकाय प्रमुखमा उजुरी दिन सकिने दफा ९ वमोजिम सूचना अधिकारीवाट सूचना नपाएमा ७ दिन भित्र कार्यालय प्रमुख समक्ष उजुरी दिन सकिने । प्रमुखले सूचना अधिकारीलाइ सूचना दिन आदेश दिन सक्ने विषय रहेको विचार व्यक्त गर्नु भएको थियो । पुनरावेदन गर्न सकिने दफा १० वमोजिम सूचना नपाएमा ३५ दिन भित्र आयोग समक्ष पुरनावेदन दिन सकिने । आयोगले पुनरावेदन परेको ६० दिन भित्र आवश्यक कार्वाही गरी अन्तिम निर्णय गरिसक्नु पर्ने । आयोगले जाँचवुझ गर्दा ठीक ठहर्‍याएमा समयावधि तोकी सूचना उपलव्ध गराउन कार्यालय प्रमुखको नाममा आदेश दिन सक्ने । पुनरावेदन निरर्थक देखिएमा आयोगले खारेज गर्ने व्यवस्था रहेको । साथै राष्ट्रिय सूचना आयोग र यसको काम कर्तव्य लगायतका विषयमा कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । कार्यक्रममा स्वागत मन्तव्य राख्दै आयोगका उपसचिव विश्ववन्धु पौडेलले नागरिकले माग गरेका सूचना उचित समयभित्र प्राप्त नभएमा वा गलत वा आशिंक सूचना मात्र प्रवाह गरेमा वा भएको सूचना नष्ट गरेमा सो कार्यका विरुद्ध राष्ट्रिय सूचना आयोगमा उजुरी, निवेदन

तथा पुनरावेदन गर्न पाउने अधिकार छ । सूचनाको हक सम्बन्धी कानूनको कार्यान्वयनमा पनि सार्वजनिक निकायहरु र त्यसमा पनि उक्त निकायका प्रमुखको भूमिका महत्वपूर्ण रहने हुनाले ,कार्यालय प्रमुख, सूचना अधिकारी र आम सरोकारवालाहरुलाई सूचनाको हक सम्बन्धी विषयमा जानकारी गराउनु, निजहरुले निर्वाह गर्नुपर्ने विषयमा जनचेतना जगाउनु, सूचनाको हक सम्बन्धी विषयमा उत्पन्न भएका द्विविधाहरुलाई एउटै थलोवाट संवोधन गर्नु आदि आजको कार्यक्रमको उद्देश्य रहेका छन भन्दै सूचनाको हक सम्बन्धी अन्तरक्रिया कार्यक्रममा उपस्थित सवैलाई स्वागत गर्नु भएको थियो ।

## १५.३ माई नगरपालिकामा सूचनाको हक सम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न

२०७८ फागुन २२ गते आइतवार

राष्ट्रिय सूचना आयोगको आयोजनामा इलाम जिल्लास्थित माई नगरपालिकाका जनप्रतिनिधि, कर्मचारी, नागरिक समाज, सूचनको हकका अभियन्ता, सञ्चारकर्मीहरुका लागि सूचनाको हकसम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ। नगरपालिकाका मेयर दिपक प्रसाद थेवेले उक्त कार्यक्रमको उद्‌घाटन गर्नुभएको थियो। सो क्रममा मेयर थेवेले सूचनाको हक लोकतन्त्रको मेरुदण्ड भएको विचार व्यक्त गर्दै  नगरपालिका सूचनाको हक प्रति प्रतिवद्धता व्यक्त गर्नुभयो । मेयर थेबेले सूचनाको हक मागकर्ताले जथाभावी सूचना माग गर्ने, सूचना माग गर्ने बहानामा अनावश्यक दुख दिन खोज्ने, सामाजिक सञ्जालमा जथाभावी गाली गर्ने तथा इमान्दारीपूर्वक गरेको काममा पनि शंका गर्ने, समाचार गलत मनसायबाट बंग्याउने गरिएको हुंदा सूचनाको हकसम्बन्धी कानुनमा परिमार्जन आवश्यक रहेको बताउनुभयो ।

राष्ट्रिय सूचना आयोगका प्रमुख सूचना आयुक्त महेन्द्र मान गुरुङ्गले कार्यक्रमको अध्यक्षता गर्दै सूचनाको हकले लोकत्रान्तिक पद्धति स्थापनापश्चात् मात्र संविधानमा प्रवेश पाएको र जनआन्दोलन पश्चात्‌को संविधान सभाका जनप्रतिनिधिहरुले लोकतान्त्रिक पद्धतिमा नागरिकलाई सशक्त र अधिकारसम्पन्न बनाउन सूचनाको हक सम्बन्धी कानुनको आवश्यकता महसुस गरी कानुन ल्याएको बताउनुभयो । विश्वका १२९ भन्दा बढी देशमा सूचनाको हक सम्बन्धी कानुन बनेको, सुशासन, जवाफदेहिता, पारदर्शिता कायम गर्न पनि आवश्यक भएको सन्दर्भका कारण यो कानुन आएको हुँदा सबै जिम्मेवार नागरिकले यसको प्रवर्द्धन एवं सम्वर्द्धनमा लाग्न आवश्यक भएको विचार व्यक्त गर्नु भयो । नागरिकले सवै सूचना माग गर्न पाउने, सार्वजनिक निकायले दिन मिल्ने नमिल्ने कानुन हेरी निर्णय गर्नुपर्ने, सूचना माग गर्नुलाई दुख दिने नियत भन्न उपयुक्त नहुने, नागरिकको सम्मान गर्दै माग गरेको सूचना समयमा उपलव्ध गराउनु पर्ने, सूचना मागकर्तालाई सहजीकरण गर्न पर्ने, सूचना माग्न आउनै नपर्ने वातावरण बनाउन स्वत प्रकाशन तथा सार्वजनिकीकरणमा जोड दिन् पर्ने, खर्चको विवरण मासिक रुपमा सार्वजनिक गर्नुपर्ने, सूचना माग्दा कुनै शुल्क वा टिकट नलाग्ने व्यवस्था गर्नु पर्ने, पत्रकार सम्मेलनका माध्यमवाट सवै जानकारी गराई रहन पर्ने जस्ता सुझावहरु दिनु भयो । सामाजिक सञ्जालको आलोचना गर्नुभन्दा सार्वजनिक निकायले सदुपयोग गर्नुपर्ने, सूचना माग्नै नपर्ने गरी सार्वजनिक हुने व्यवस्था गर्नु पर्ने, हरेक सार्वजनिक निकायले निर्णयहरु तत्काल सार्वजनिक गर्दा उपयुक्त हुने, वेवसाइट सदै अपडेट गर्दै जानु पर्ने, पर्याप्त सूचना प्रवाह गर्नुपर्नेजस्ता निर्देशन पनि प्रमुख आयुक्त गुरुङ्गले सो अवसरमा दिनुभयो । कार्यक्रममा सहभागिहरुवाट उठेका जिज्ञाशाहरुको पनि प्रमुख आयुक्त गुरुङ्गले जवाफ दिनु भएको थियो ।

आयोगका सचिव भागिरथ पाण्डेले सूचनाको हकका वारेमा भएका संवैधानिक तथा कानुनी व्यवस्था, सार्वजनिक निकायको दायित्व, दण्ड सजायको व्यवस्था, सूचनाको हक प्रयोग गर्दा हुने फाइदा र आयोगले अन्तरक्रिया कार्यक्रमबाट अपेक्षा गरेका विषयहरुमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । सचिव पाण्डेले सहभागीहरुवाट प्राप्त जिज्ञाशाहरुको जवाफ पनि दिनु भएको थियो ।

कार्यक्रममा सहभागीहरुले खर्चको विवरण जो सुकैले माग्दा दिन पर्ने कि नपर्ने, जे पनि माग्न पाइने हो कि होइन, कति समय अगाडिसम्मको सूचना दिनु पर्ने हो, सूचना माग गर्दा पत्रकारले के उद्देश्य उल्लेख गर्ने हो, विद्युतीय माध्यमवाट सूचना उपलब्ध गराउँदा शुल्क नलाग्ने वा कम लाग्ने हुनपर्ने माग आएको सन्दर्भमा के गर्ने, दुरुपयोग हुने आशंका हुँदा के गर्ने, युट्युव र फेसवुकमा जथाभावी लेख्नेलाई के गर्ने, सूचना माग गर्दै गर्दा गलत मनसाय प्रकट गरे के गर्ने जस्ता जिज्ञाशा तथा सूचनाको हकसम्बन्धी कानुन नै संसोधन गर्नु पर्ने हो की भन्ने सुझाव पनि प्रकट भएको थियो ।

माई नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत गणेश अधिकारीले सञ्चालन गर्नु भएको कार्यक्रममा आयोगका उपसचिव कपिलप्रसाद उपाध्यायले स्वागत मन्तव्य सहित  कार्यक्रमको उद्देश्य माथि प्रकाश पार्नु भएको थियो ।

## १५.४ पाँचथर जिल्लामा जिल्लास्तरीय सूचनाको हक सम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न

२०७८ फागुन २३ गते आइतवार

राष्ट्रिय सूचना आयोगको आयोजनामा पांचथर जिल्लाको फिदिममा जिल्लाका सार्वजनिक निकायका प्रमुख, सूचना अधिकारी, कर्मचारी, नागरिक समाज, सूचनाको हकका अभियन्ता, सञ्चारकर्मीहरुका लागि सूचनाको हक सम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ । पांचथर जिल्ला समन्वय समितिका प्रमुख  श्री विष्णु प्रसाद सापकोटाले कार्यक्रमको उद्घाटन गर्दै सूचनाको हक लोकतन्त्रको महत्वपर्ण हक भएको विचार व्यक्त गर्दै आफ्नो र जिल्ला समन्वय समितिको सूचनाको हक प्रति प्रतिवद्धता व्यक्त गर्नुभयो । साथै प्रमुख सापकोटाले सार्वजनिक निकायका साथीहरुले उठाएका विषयमा आयोग सम्वेदनशील हुन, सूचनाको हकको प्रवर्द्धनमा सवै लाग्नु पर्ने, आयोगले पांचथरमा कार्यक्रमआयोजना गरेकोमा धन्यवाद दिनु भएको थियो ।
राष्ट्रिय सूचना आयोगका प्रमुख सूचना आयुक्त महेन्द्र मान गुरुङ्गले कार्यक्रमको अध्यक्षता गर्दै सूचनाको हक लोकतान्त्रिक पद्धति स्थापना पश्चात मात्र संविधानमा प्रवेश पाएको र जनआन्दोलन पश्चातको संविधान सभाका जनप्रतिनिधिहरुले लोकतान्त्रिक पद्धतिमा नागरिकलाई सशक्त र अधिकारसम्पन्न बनाउन सूचनाको हक सम्बन्धी कानूनको आवश्यकता महसूस गरी कानून ल्याएको, विश्वमा १२९ भन्दा बढी देशमा सूचनाको हक सम्बन्धी कानून बनेको, शुसासन, जवाफदेहिता, पारदर्शिता कायम गर्न पनि आवश्यक भएको सन्दर्भका कारण यो कानून आएको हुंदा हामी सबै जिम्मेवार नागरिकले यसको प्रवर्द्धन एवं सम्वर्द्धनमा लाग्न आवश्यक भएको विचार व्यक्त गर्नु भयो । नागरिकले सवै सूचना माग गर्न पाउने, सार्वजनिक निकायले दिन मिल्ने नमिल्ने कानून हेरि निर्णय गर्नुपर्ने, दुख दिने नियत भन्न उपयुक्त नहुने, नागरिकको सम्मान गर्दै माग गरेको सूचना समयमा उपलब्ध गराउन पर्ने, सूचना मागकर्तालाई सहजीकरण गर्न पर्ने, सूचना माग्न आउनै नपर्ने वातावरण बनाउन स्वत प्रकाशन तथा सार्वजनिकिकरणमा जोड दिन पर्ने, खर्चको विवरण मासिक रुपमा सार्वजनिक गर्नुपर्ने, सूचना माग्दा कुनै शुल्क वा टिकट नलाग्ने व्यवस्था गर्न पर्ने, पत्रकार सम्मेलनका माध्यमवाट सवै जानकारी गराई रहन पर्ने जस्ता सुझावहरु दिनु भयो । सामाजिक सञ्जालको आलोचना गर्नु भन्दा सार्वजनिक निकायले सदुपयोग गर्नुपर्ने, सूचना माग्नै नपर्ने

गरी सार्वजनिक गर्ने व्यवस्था गर्नु पर्ने, निकायका निर्णयहरु तत्काल सार्वजनिक गर्दा उपयुक्त हुने, वेवसाइट सदा अपडेट गर्दै जान पर्ने, पर्याप्त सूचना प्रवाह गर्नपर्ने जस्ता निर्देशन पनि प्रमुख आयुक्त गुरुङ्गले सो अवसरमा दिनुभयो । कार्यक्रममा सहभागिहरुवाट उठेका जिज्ञाशाहरुको पनि प्रमुख आयुक्त गुरुङ्गले जवाफ दिनु भएको थियो । सूचना प्रदानकर्ताका समस्याहरु प्रति आयोग सम्वेदनशील रहेको र समस्या सुल्झाउन तत्पर रहेको पनि विचार व्यक्त गर्नु भयो । स्थानीय तहहरुले सूचनाको हकका लागि पर्याप्त बजेट विनियोजन गर्न पनि सुझाव दिनु भयो ।

आयोगका सचिव श्री भागिरथ पाण्डेले सूचनाको हकका वारेमा भएका संवैधानिक तथा कानूनी व्यवस्था, सार्वजनिक निकायको दायित्व, दण्ड सजायको व्यवस्था, सूचनाको हक प्रयोग गर्दा हुने फाइदा र आयोगले अन्तरक्रिया कार्यक्रमवाट अपेक्षा गरेका विषयहरुमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । सचिव पाण्डेले सहभागीहरुवाट प्राप्त जिज्ञाशाहरुको जवाफ पनि दिनु भएको थियो ।

जिल्लाका प्रमुख जिल्ला अधिकारीले लोकतान्त्रिक पद्धतिको विकास संगै मौलिक हकहरुको व्यवस्था हुंदै गएको र सूचनाको हक प्रवर्द्धनमा पांचथर जिल्लाका सार्वजनिक निकायहरु प्रतिवद्ध रहेको विचार व्यक्त गर्दै प्रत्यक महिना सूचना अधिकारीको वैठक तथा तिन/तिन महिनामा स्वत प्रकाशन गर्ने गरेको जानकारी दिनु भएको थियो ।

कार्यक्रममा सहभागीहरुले खर्चको विवरण जो सुकैले माग्दा दिन पर्ने कि नपर्ने, जे पनि माग्न पाइने हो कि होइन, कति समय अगाडी सम्मको सूचना दिन पर्ने हो, अन्य जिल्लाका नागरिकले पांचथर जिल्लाका निकायको सूचना किन माग गर्ने, छुट्टै सूचना अधिकारीको व्यवस्था हुनु पर्ने, कर्मचारीको अभावमा सूचना समयमा उपलव्ध गराउन बाधा पुग्ने गरेको, सूचना माग गर्ने गिरोह नै पो छन कि, सूचना माग गर्दै गर्दा गलत मनसाय प्रकट गरे के गर्ने जस्ता जिज्ञाशा तथा सूचनाको हक सम्बन्धी कानून नै संसोधन गर्नु पर्ने हो की भन्ने सुझाव पनि प्रकट भएको थियो ।

कार्यक्रम सञ्चालन आयोगका उपसचिव श्री कपिल प्रसाद उपाध्यायले र स्वागत मन्तव्य आयोगका अर्का उपसचिव श्री सीता निरौलाले गर्नु भएको थियो ।

## १५.५ आठराई गाउँपालिकामा सूचनाको हकका वारेमा छलफल

२०७८ फागुन २३ सोमबार

राष्ट्रिय सूचना आयोगका प्रमुख सूचना आयुक्त महेन्द्र मान गुरुङ्गले आठराई गाउंपालिकाका अध्यक्ष श्री मान बहादुर लिम्बु, प्रमुख प्रशासकीय अधिकृत श्री डम्बर बहादुर आङदेम्बे, सूचना अधिकारी, कर्मचारीहरु र तेह्रथुम जिल्ला पत्रकार महासंघका अध्यक्ष श्री अमृत बास्तोलासंग आठराई गाउँपालिकाको कार्यालयमा भेट गरी सूचनाको हक कार्यन्वयनका लागि छलफल गर्नुभयो ।

सो अवसरमा गाउंपालिकाका अध्यक्ष लिम्बुले स्वाभाविक रुपमा गाउंपालिका सूचनाको हक प्रति प्रतिवद्ध रहेको र यस कार्यमा आयोगबाट सकरात्मक सहयोग अपेक्षा रहेको बनाउनु भएको थियो ।

आयोगका प्रमुख आयुक्त गुरुङ्गले स्थानिय तहका कृयाकलापहरु बढ्दै जांदा नागरिकको चासो र जिज्ञासा बढ्दै जानु स्वाभाविक रहेको र सूचना नपाएको पुनरावेदन स्थानिय तहमा बढी रहेको, सूचनाको हक नागरिकलाई बलियो, समृद्ध

बनाउने शासन प्रणालीमा सहभागी बनाउने महत्वपुर्ण माध्यम भएको विचार व्यक्त गर्दै गाउंपालिकाका कृयाकलाप तथा खर्च नियमित रुपमा सार्वजनिक गर्दै जांदा सूचना माग्नै नपर्ने अवस्था बनाउन सकिने हुंदा नियमित रुपमा सार्वजनिक गर्न, पारदर्शिता कायम गर्न, स्वत प्रकाशन गर्न अनुरोध गर्नुभयो ।

सो अवसरमा गाउंपालिकाका प्रमख प्रशासकीय अधिकृत तथा सूचना अधिकारीले सूचना मागकर्ताले ५ बर्ष देखिको सवै विलभरपाईको प्रतिलिपि माग गर्ने निवेदन प्राप्त भएको, कतिपयले सूचना मागलाई अन्य विषयसंग जोडेर गलत फाइदा लिन खोजेको, सम्वन्धित गाउपालिका भन्दा धेरै टाढा जिल्लाका सुचना मागकर्ताले सूचना माग गरेको, सान्दर्भिकता नदेखिएको जस्ता समस्यहरुका वारेमा जानकारी गराउनु भएको थियो ।

## १५.६ बुढिनन्दा नगरपालिकामा सूचनाको हकका वारेमा छलफल

२०७८ चैत्र ४ शुक्रबार

बाजुरा जिल्ला बुढीनन्दा नगरपालिकामा २०७८ साल चैत ४ गते सूचनाको हकसम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ । राष्ट्रिय सूचना आयोगका आयुक्त कमला ओलीको प्रमुख आतिथ्यता रहेको उक्त कार्यक्रममा बुढीनन्दा नगरपालिकाका उपमेयर सृष्टि रेग्मीको अध्यक्षतामा रहेको थियो । १० वटा वडा रहेको उक्त पालिकामा सबै वडाबाट वडका प्रतिनिधीहरु साथै सार्वजनिक निकायका सूचना अधिकारी, पत्रकार साथै विभिन्न संघ संस्था, प्रहरी लगायत नागरिक समाजको उपस्थिती रहेको थियो ।

उक्त कार्यक्रममा आयोगका आयुक्त कमला ओलीले सूचनाको हक के हो ? किन आवश्यकता छ । यसको उपयोग जनताले कसरी गर्नुपर्छ । सूचना प्राप्त गर्दा अपनाउने विधी आयोगको परिचय, आयोगको काम, कर्तव्य अधिकारी हालसम्म आयोगले गरेका काम/कारवाई आयोग हुँदा र नहुँदाको औचित्यताको बारेमा चर्चा गर्नुहुँदै सार्वजनिक निकायको काम, कर्तव्य, अधिकार साथै सूचना अधिकारीले खेल्नुपर्ने भूमिकाको बारेमा चर्चा गर्नुभएको थियो । ३ घण्टा सम्म चलेको उक्त कार्यक्र मेयर पदम गिरीले सूचनाको हकको बारेमा धेरैले बुझेका छैनन् यो एउटा सरकारलाई पारदर्शी बनाई आफू स्वंयम सचेत रहेन माध्यम भएकोले सबैले यसको उपयोग गर्नुपर्ने बताउनुभएको थियो । यस्तै उपमेयर श्रृष्टी रेग्मीले यो विकट क्षेत्रमा आएर कार्यक्रम गरिदिनु भई यहाँको जनतालई सूचनाको हकको महत्व दर्साइदिएकोमा आयोगलाई धन्यवाद दिदै सूचनाको हकको प्रयोगले राज्यलाई चनाखो र भ्रष्टाचारमुक्त बनाउन सकिने र त्यस क्षेत्रका महिलालाई यस विषयमा केही थाहा नभएको आयोग फेरी पनि आएर बृहत कार्यक्रम गरिदियोस भन्नु भएको थियो । न्यायिक समितिको सदस्य, प्रदिप जोशी जिल्ला समन्वय समितिका प्रमुख नरेन्द्र कुमार रोकायाले पनि मन्तव्य दिनुभएको थियो ।

उक्त कार्यक्रममा वडिमालिका अनलाइनका पत्रकार प्रकास सिंहले सूचना माग्न भएको कठिनाई साथै सार्वजनिक निकायमा सूचना दिन्छु भन्दा पनि कहि कतै कम्प्युटर/बत्ति र इन्टरनेटको कारणले ढिलो हुने बताउनु भएको थियो । पत्रकार कृष्ण ओलीले इन्टरनेटबाट सूचना दिन लिने कारणले धेरै सहज भएको यस्लाई अझ सरल बनाउन अयोग भूमिका रहोस भन्ने भयो/अन्य थुप्रै सहभागीहरुले सूचनाको हक पहिला नबुझेको र यस्ता कार्यक्रमले बुझेको बताएका थिए । कार्यक्रम संचालन न्यायिक समितीका सदस्य नन्दलाल सार्कीले गर्नुभएको थियो ।

## १५.७ खोटाङ जिल्लामा जिल्लास्तरीय सूचनाको हक सम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न

२०७८ चैत १३ गते आईतबार

खोटाङ जिल्लाको दिक्तेलमा सूचनाको हकसम्बन्धी एक दिने अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ। राष्ट्रिय सूचना आयोगको आयोजनामा गरिएको उक्त कार्यक्रमको अध्यक्षता आयोगका आयुक्त कमला ओलीले गर्नुभएको थियो । प्रमुख अतिथी जिल्ला समन्वय समितिका प्रमुख श्री बबि चाम्लिङ हुनुहुन्थ्यो । जिल्लाका राजनैतिक निकायका कार्यालय प्रमुख सूचना अधिकारीहरु, पत्रकार अभियन्ता साथै सूचनाको हकसँग सरोकार राख्ने व्यक्तिहरुको उपस्थिति रहेकृ उक्त कार्यक्रमको उद्घाटन प्रमुख अतिथि बबि चाम्लीङले गर्नु भएको थियो । कार्यक्रममा आयोगका आयुक्त कमला ओलीले सूचनाको हकको महत्व यसको उपयोग र फाइदाको विषयमा जनाकारी गराउँदै सम्पूण जनता नजागी सूचनाको हक प्रयोगमा आउँदैन । प्रयोगमा ल्याउन सकेनौ भने सूचनाको हकको ऐनको भावना र राज्यले सूचनाको हकको प्रयोग गर्न जनतालाई दिएको अधिकारको अर्थ नरहने कुरा बताउनुहुँदै सार्वजनिक निकायलाई ऐनको भावना बुझेर सूचना दिने सहज र सरल बनाउने सुझाव दिनुभएको थियो । उक्त कार्यकममा आयोगका सूचना आयुक्त श्री कमला ओली थापाले प्रजातन्त्र, लोकतन्त्र भनेकै सूचनाको हकबाट मात्रै पूर्ण हुने हुँदा सूचनाको हकको प्रचलन नहुँदा यसको महत्व थाहा नहुने, सूचनाको हकको मापन विकाससँग रहन्छ । सूचनाको हक र लोकतन्त्र भनेको एक अर्काको परीपूरक हुन जहाँ सूचनाको हक पूर्ण कार्यान्वन हुन्छ। त्यहाँ लोकतन्त्र बलियो रहन्छ। संवैधानिक र कानूनी व्यवस्था भएअनुरुप हुलाक, इमेल, फ्याक्सबाट पनि निवेदन लिने अनिवार्य रुपमा इमेल चेक गर्ने, ३/३ महिनामा स्वतः प्रकाशन गर्नुपर्ने, सूचना माग गरेको इन्कार गरेको, उजुरी गरेको पुनरावेदन परेको जस्ता विषयहरु समेट्ने गरी छुट्टै रजिष्ट्रर राख्ने । यसको मासिक प्रतिवेदन जिल्ला प्रशासन कार्यालय र आयोगमा पठाउने, सूचना मागकर्तासँग राम्रो व्यवहार गर्ने र सहजीकरण गर्ने , जिल्ला जिल्लास्थित सार्वजनिक निकाय वा संस्थाहरुबाट सम्पादन हुने तथा भएका सूचनाको हकका सम्बन्धका क्रियाकलापबारेको सूचना र जानकारी फोटोसहित राष्ट्रिय सूचना आयोगमा पठाउने जस्ता विविध विषयहरुमा चर्चा गर्दै सहभागीहरुले उठाएका जिज्ञासाहरुको समाधान सहित समापन मन्तव्य राख्नुभएको थियो । कार्यक्रमा समन्वय समितिका अध्यक्ष बबि चामलिङले कार्यक्रम आयोजना गरेको आयोगलाई धन्यवाद दिदै सूचनाको हकको प्रचलनमा स्थानीय निकाय केही पछि परेको जिल्लाको अवस्था रहेको भन्दै यस कार्यक्रममा पालिकास्तरको केही कम हुनुमा दुर्गम र विकटताको अवस्था रहेको कुरा जनाउनुभयो । सूचनाको हकबाटै आम नागरिकका जन सरोकारवाला विषयहरुको बारेमा चासो र जिज्ञासाको समाधान हुने भएकोले यसलाई बलियो रुपमा कार्यान्वयन गर्दै लैजाउनुपर्ने, अझ स्थानीय तहका जनप्रतिनिधी, कर्मचारी समुदाय र समुहहरुसँग अन्तरक्रिया गर्ने पाएको भए स्थानीय तहका समस्याहरुको समाधन हुने थिए कि भन्ने बिचार व्यक्त गर्नुभयो । उक्त कार्यकममा मन्तव्य राख्दै विकल श्रेष्ठले सूचनाको वर्गीकरण राज्यले छिटो भन्दा छिटो गरेको खण्डमा कस्ता प्रकृतिका सूचना उपलब्ध गराउने, कस्ता प्रकृतिका नगराउने विषय द्विवीधा नभई नहुनुपर्ने, खोटाङ जिल्लास्थित सबै सरकारी कार्यालयहरुमा स्वतः प्रकाशन गर्ने गरिएको र नगर्ने कार्यालयलाई आजैबाट स्वतः प्रकाशन गर्न गराउन निर्देशन दिनुभयो ।

उक्त कार्यकममा आयोगका सचिव श्री भागीरथ पाण्डेयले सूचनाको हक कार्यान्वयन सम्वन्धी कार्यपत्र प्रस्तुती गर्नु भएको थियो । कार्यपत्र प्रस्तुतीका क्रममा प्रवाह नगरिने सूचनाहरु दफा ३ को उपदफा ३ वमोजिम नेपालको सार्वभौमसत्ता, अखण्डता, राष्ट्रिय सुरक्षा, सार्वजनिक शान्ति सुव्यव्था र अन्तराष्ट्रिय सम्बन्धमा गम्भीर खलल पार्ने ।अपराधको अनुसन्धान, तहकिकात तथा अभियोजनमा प्रत्यक्ष असर पार्ने । आर्थिक, व्यापारिक तथा मौद्रिक हित वा

वौद्धिक सम्पतिको  संरक्षण वा व्यापारिक गोपनियतामा गम्भिर आघात पार्ने ।विभिन्न जातजाती वा सम्प्रदाय वीचको सुसम्बन्धमा प्रत्यक्ष रुपमा खलल पार्ने ।व्यक्तिगत गोपनियता र व्यक्तिको जीउ, ज्यान, सम्पति, स्वास्थ्य वा सुरक्षामा खतरा पुर्याउने विषय रहेको साथै सूचना अधिकारीको व्यवस्था दफा ६ वमोजिम सार्वजनिक निकायमा सूचना प्रवाह गर्न सुचना अधिकारीको व्यवस्था गरी निजलाई नियमितरुपमा सूचना उपलव्ध गराउनु पर्ने । आवश्यक परेमा सुचना शाखाको व्यवस्था गर्न सकिने। सूचना माग कर्ताले मागेको सूचना संभव भए तत्काल र नभए १५ दिन भित्र दिनु पर्ने।तर जीउ ज्यानको सुरक्षासँग सम्बन्धित सूचना २४ घण्टा भित्र उपलव्ध गराउनु पर्ने । संभव भए सम्म मागेको स्वरुपमा उपलव्ध गराउनु पर्ने विषय रहेको र सार्वजनिक निकाय प्रमुखमा उजुरी दिन सकिने दफा ९० वमोजिम सूचना अधिकारीवाट सूचना नपाएमा ७ दिन भित्र कार्यालय प्रमुख समक्ष उजुरी दिन सकिने । प्रमुखले सूचना अधिकारीलाइ सूचना दिन आदेश दिन सक्ने विषय रहेको विचार व्यक्त गर्नु भएको थियो । पुनरावेदन गर्न सकिने दफा १० वमोजिम सूचना नपाएमा ३५ दिन भित्र आयोग समक्ष पुरनावेदन दिन सकिने । आयोगले पुनरावेदन परेको ६० दिन भित्र आवश्यक कार्वाही गरी अन्तिम निर्णय गरिसक्नु पर्ने । आयोगले जाँचवुझ गर्दा ठीक ठहर्याएमा समयावधि तोकी सूचना उपलव्ध गराउन कार्यालय प्रमुखको नाममा आदेश दिन सक्ने । पुनरावेदन निरर्थक देखिएमा आयोगले खारेज गर्ने व्यवस्था रहेको । साथै राष्ट्रिय सूचना आयोग र यसको काम कर्तव्य लगायतका विषयमा कार्यपत्र प्रस्तुत गर्नु भएको थियो ।

उक्त कार्यकममा स्वागत मन्तव्य राख्दै आयोगका उपसचिव कपिल प्रसाद उपाध्यायले नागरिकले माग गरेका सूचना उचित समयभित्र प्राप्त नभएमा वा गलत वा आशिंक सूचना मात्र प्रवाह गरेमा वा भएको सूचना नष्ट गरेमा सो कार्यका विरुद्ध राष्ट्रिय सूचना आयोगमा उजुरी, निवेदन तथा पुनरावेदन गर्न पाउने अधिकार छ । सूचनाको हक सम्बन्धी कानूनको कार्यान्वयनमा पनि सार्वजनिक निकायहरु र त्यसमा पनि उक्त निकायका प्रमुखको भूमिका महत्वपूर्ण रहने हुनाले ,कार्यालय प्रमुख, सूचना अधिकारी र आम सरोकारवालाहरुलाई सूचनाको हक सम्बन्धी विषयमा जानकारी गराउनु, निजहरुले निर्वाह गर्नुपर्ने विषयमा जनचेतना जगाउनु, सूचनाको हक सम्बन्धी विषयमा उत्पन्न भएका द्विविधाहरुलाई एउटै थलोवाट संवोधन गर्नु आदि आजको कार्यक्रमको उद्देश्य रहेका छन भन्दै सूचनाको हक सम्बन्धी अन्तरक्रिया कार्यक्रममा उपस्थित सवैलाई स्वागत गर्नु भएको थियो ।

### १५.८ अनुगमन गरिएका जिल्ला तथा निकायहरुको विवरण

**पाल्पा जिल्लास्थित सार्वजनिक निकायहरु**

| सि.नं. | कार्यालय/सार्वजनिक निकाय | सूचना अधिकारी तोकेको/नतोकेको | स्वतः प्रकाशन गरेको/नगरेको | कैफियत |
|---|---|---|---|---|
| १. | जिल्ला प्रशासन कार्यालय, पाल्पा | **तोकेको** | **गरेको** | |
| २. | जिल्ला हुलाक कार्यालय, पाल्पा | **तोकेको** | **गरेको** | **सवै सार्वजनिक निकायका सूचना अधिकारीहरुको सूची तयार गरी टाँस गरेको** |
| ३. | तानसेन नगरपालिका, पाल्पा | **तोकेको** | **गरेको** | |

| | | | | |
|---|---|---|---|---|
| ४. | प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन एकाई | **तोकेको** | **गरेको** | |
| ५. | भेटनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, पाल्पा | **तोकेको** | **गरेको** | |
| ६. | कृषि ज्ञान केन्द्र, पाल्पा | **तोकेको** | **गरेको** | |

**रसुवा जिल्लास्थित सार्वजनिक निकायहरु**

| **सि.नं.** | **कार्यालय/सार्वजनिक निकाय** | **सूचना अधिकारी तोकेको/नतोकेको** | **स्वतः प्रकाशन गरेको/नगरेको** | **कैफियत** |
|---|---|---|---|---|
| १. | जिल्ला प्रशासन कार्यालय, रसुवा | **तोकेको** | **गरेको** | अन्य तरिकाबाट |
| २. | जिल्ला हुलाक कार्यालय, रसुवा | **तोकेको** | **गरेको** | अन्य तरिकाबाट |
| ३. | कोष तथा लेखा नियन्त्रक कार्यालय, रसुवा | **तोकेको** | **गरेको** | अन्य तरिकाबाट |
| ४. | लाङटाङ राष्ट्रिय निकुञ्ज, धुन्चे | **तोकेको** | **गरेको** | अन्य तरिकाबाट |
| ५. | नेपाल टेलिकम, धुन्चे | **तोकेको** | **गरेको** | अन्य तरिकाबाट |
| ६. | जिल्ला सरकारी वकिल कार्यालय, धुन्चे | **तोकेको** | **गरेको** | अन्य तरिकाबाट |
| ७ | नेपाल विधुत प्राधिकरण, धुन्चे | **तोकेको** | **गरेको** | अन्य तरिकाबाट |
| ८ | जिल्ला आयोजना कार्यान्वयन इकाई, रसुवा | **तोकेको** | **गरेको** | अन्य तरिकाबाट |
| ९. | जिल्ला निर्वाचन कार्यालय, रसुवा | **तोकेको** | **गरेको** | अन्य तरिकाबाट |

**तनहुँ जिल्लास्थित सार्वजनिक निकायहरु**

| **सि.नं.** | **कार्यालय/सार्वजनिक निकाय** | **सूचना अधिकारी तोकेको/नतोकेको** | **स्वतः प्रकाशन गरेको/नगरेको** | **कैफियत** |
|---|---|---|---|---|
| | **तनहुँ जिल्ला स्थित कार्यालयहरु :** | | | अन्य तरिकाबाट |
| १. | जिल्ला प्रशासन कार्यालय, तनहुँ | **तोकेको** | **गरेको** | अन्य तरिकाबाट |
| २. | जिल्ला हुलाक कार्यालय, तनहुँ | **तोकेको** | **गरेको** | अन्य तरिकाबाट |
| ३. | जिल्ला निर्वाचन कार्यालय, तनहुँ | **तोकेको** | **गरेको** | अन्य तरिकाबाट |
| ४. | व्यास नगरपालिका, दमौलि | **तोकेको** | **गरेको** | अन्य तरिकाबाट |
| ५. | पूर्वाधार विकास कार्यालय | **तोकेको** | **गरेको** | अन्य तरिकाबाट |

## १५.९ सूचना अधिकारीहरुको अभिमुखीकरण तथा बैठक छलफल

मिति २०७८।१२।०४ गते

नेपालको संविधानको भाग ३ मौलिक हक र कर्तव्य अन्तर्गत धारा २७ मा प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको विषयमा सूचना माग्ने र पाउने हक हुनेछ भन्ने व्यवस्था रहेको छ । यस प्रावधानलाई कार्यान्वयन गर्नको लागि सूचनाको हकसम्बन्धी ऐन, २०६४ र नियमावली, २०६५ एवं सूचनाको हक कार्यान्वयन सम्बन्धी अनुगमन निर्देशिका, २०७६ जस्ता कानूनी प्रबन्ध गरिएको छ । सूचनाको हकको प्रचलनको लागि राष्ट्रिय सूचना आयोगको संस्थागत व्यवस्था रहेको छ । नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको कार्यभित्र राष्ट्रिय सूचना आयोगलाई राखेको छ ।

राष्ट्रिय सूचना आयोगबाट भएका विभिन्न निर्णयहरू कार्यान्वयनको लागि यस कार्यालयमा लेखी आउने गरेको तथा सञ्चार तथा सूचना प्रविधि मन्त्रालयबाट समेत सूचनाको हकसम्बन्धी ऐनको कार्यान्वयनका विभिन्न पक्षहरूको सहजीकरणका लागि अनुरोध प्राप्त हुने गरेको छ ।

सूचनाको हकसम्बन्धी ऐन, २०६५ को दफा २७ मा सूचना वर्गीकरण  गर्न नेपाल सरकारका मुख्य सचिवज्यूको अध्यक्षतामा सूचना वर्गीकरण गर्न एक समिति रहने व्यवस्था रहेको तथा सूचनाको हक कार्यान्वयन सम्बन्धी अनुगमन निर्देशिका, २०७६ मा सूचनाको हकको कार्यान्वयन सम्बन्धमा अनुगमन गर्न गराउन तथा तत् सम्बन्धमा समन्वय कायम गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिवको अध्यक्षतामा सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिव र राष्ट्रिय सूचना आयोगका सचिव सदस्य हुने साथै प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सहसचिव सदस्य-सचिव रहने केन्द्रीय समन्वय एकाइ तथा सो व्यवस्थालाई प्रभावकारी रुपले कार्यान्वनय गर्नको लागि सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिवको संयोजकत्वमा यस कार्यालयका सहसचिव समेत सदस्य रहने कार्यान्वयन अनुगमन एकाइ गठन गरिने व्यवस्था रहेको छ।प्रत्येक प्रदेशमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा सचिवालय रहने गरी सो कार्यालयको सचिवको अध्यक्षतामा प्रदेश अनुगमन एकाइ र जिल्ला हुलाक कार्यालयमा सचिवालय रहने गरी प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा जिल्ला अनुगमन एकाइ गठन हुने व्यवस्था गरेको छ ।

उपर्युक्त व्यवस्थाहरूको आधारमा सूचनाको हक सम्बन्धी ऐन, नियम तथा निर्देशिकाहरूको कार्यान्वयनमा यस कार्यालयको समेत महत्त्वपूर्ण भूमिका रहेको देखिएकोले चालु आ.व. २०७८/७९ को वार्षिक कार्यक्रम अन्तर्गत सूचना अधिकारीहरूको लागि अभिमुखीकरण बैठक सञ्चालन गरी प्रतिवेदन तयार गर्ने कार्यक्रम रहेकोमा सोही बमोजिम नेपाल सरकार (कार्य विभाजन) नियमावलीमा यस कार्यालयको कार्यक्षेत्रभित्र पर्ने निकायहरूका सूचना अधिकारीहरूसँग एक दिवसीय अभिमुखीकरण बैठक/गोष्ठीको रूपमा यस कार्यालयका राष्ट्रिय सुरक्षा क्षेत्र हेर्नु हुने सचिवज्यूको अध्यक्षतामा सूचना अधिकारीहरूको अभिमुखीकरण बैठक/छलफल कार्यक्रम मिति २०७८/१२/०४ गते सम्पन्न गरिएको हो ।

**अध्यक्षता :** प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका राष्ट्रिय सुरक्षा र सुशासन क्षेत्र हेर्नुहुने सचिव श्री सूर्य प्रसाद गौतमज्यूले अध्यक्षता गर्नुभएको । कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्दै सहभागीहरूको स्वागतः प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका राष्ट्रिय सुरक्षा तथा कूटनीति समन्वय महाशाखा प्रमुख, सहसचिव श्री मनोज कुमार आचार्यले कार्यक्रमको औचित्यमाथि प्रकाश पार्दै सहभागीहरूलाई स्वागत गर्नुभएको ।

**कार्यपत्र प्रस्तुतीकरण :** राष्ट्रिय सूचना आयोगका सचिव श्री भागिरथ पाण्डेयज्यूले सूचनाको हक तथा सूचना अधिकारीहरूको भूमिकाका विषयमा कार्यपत्र प्रस्तुत गर्नुहुदै सूचनाको हकको कानूनी व्यवस्थाभित्रका प्रावधानहरुका बारेमा प्रस्तुत गर्नुभएको थियो ।

**प्रस्तुतीकरण:** प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका उपसचिव तथा सूचना अधिकारी कविता फुयालले सूचनाको हक कार्यान्वयनमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको कार्यालयको भूमिका तथा सूचनाको हक प्रचलनमा सूचना अधिकारीहरूका समस्याहरू सम्बन्धी प्रस्तुतीकरण गर्नुभएको ।

कार्यक्रमका अध्यक्ष तथा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव श्री सूर्य प्रसाद गौतमज्यूले देहाय बमोजिम निश्कर्ष एवं सुझावहरूसहित कार्यक्रमको समापन गर्नुभयो ।

प्रत्येक निकायले सूचना अधिकारी तोकी सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ५ तथा नियमावली, २०६५ को नियम ३ बमोजिम स्वतः प्रकाशन गर्नुपर्ने विवरण तोकिएको समयमै प्रकाशन/सार्वजनिक गर्ने तथा आफ्नो निकायको Website अद्यावधिक गरी सूचना अधिकारीको फोन नं र इमेल ठेगाना समेत राख्ने व्यवस्था गर्ने।

राज्यका काम कारवाहीलाई खुला तथा पारदर्शी बनाई सरकारलाई जनताप्रति उत्तरदायी र जवाफदेही बनाउन तथा सूचनाको हक कार्यान्वयनलाई प्रभावकारी बनाउन कार्यालय प्रमुख र सूचना अधिकारीलाई साथै राखी छलफल/अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्न सूचना आयोगसँग समन्वय तथा छलफल गर्ने ।

सूचना वर्गीकरणको कार्यलाई समयमै सम्पन्न गर्न सूचना वर्गीकरण समितिले माग गरेको ढाँचामा प्रत्येक निकायले आफू र आफ्नो निकायसँग सम्वद्ध विवरणहरु समयमै प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाई सहयोग गर्ने ।

देहाय बमोजिमको विषयहरूमा आवश्यक निर्णय एवं कार्यान्वयनका लागि सूचनाको हकसम्बन्धी अनुगमन निर्देशिका, २०७६ को दफा ३ बमोजिमको केन्द्रीय समन्वय एकाइमा सिफारिस गर्नेः

क) प्रत्येक निकायले महाशाखा तथा शाखाहरुमा भएका महत्त्वपूर्ण निर्णय, सूचनाहरु सूचना अधिकारीलाई उपलब्ध गराउने तथा महत्त्वपूर्ण बैठकहरुमा सूचना अधिकारीहरुलाई संलग्न गराउने व्यवस्था गर्ने ।

ख) प्रत्येक निकायले सूचना अधिकारीलाई उपलब्ध गराउन सकिने न्यूनतम सुविधाहरु जस्तै मोबाइल, सीम कार्ड, मोबाइल रिचार्ज तथा अन्य प्रोत्साहनको व्यवस्था गर्ने ।

ग) सूचना अधिकारीहरु छिटो छिटो परिवर्तन गर्ने व्यवस्थालाई निरुत्साहित गर्ने ।

घ) सूचना अधिकारीहरूको क्षमता अभिबृद्धिको लागि नियमितरूपमा अभिमुखीकरण/तालिम/गोष्ठी/अन्तरक्रिया सञ्चालन गर्ने गरी बैठक समापन गरिएको थियो ।

## १५.१० व्यास नगरपालिकामा सूचनाको हक सम्बन्धी अन्तरकिया कार्यकम सम्पन्न

२०७८ चैत २५ गते शुक्रवार

राष्ट्रिय सूचना आयोगको आयोजनामा व्यास नगरपालिकामा नगरपालिकाका जनप्रतिनिधि, कर्मचारी, नागरिक समाज, सूचनको हकका अभियन्ता, सञ्चारकर्मीहरुका लागि सूचनाको हक सम्बन्धी अन्तरकिया कार्यकम सम्पन्न भएको छ । प्रमुख अतिथिको स्थानबाट नगरपालिकाका प्रमुख (मेयर) श्री बैकुण्ठ न्यौपानेले सूचनाको हक कानूनी राज्यको महतत्वपुर्ण अंग रहेको र यसको पालना हामी सवैको जिम्म्वारी भएको भएको विचार व्यक्त गर्दै आफ्नो र नगरपालिकाको सूचनाको हक प्रति प्रतिवद्धता व्यक्त गर्नुभयो । कार्यक्रममा नगरपालिकाका उपप्रमुख मिरा जोशीको पनि उपस्थिति रहेको थियो ।

राष्ट्रिय सूचना आयोगका प्रमुख सूचना आयुक्त महेन्द्र मान गुरुङ्गले कार्यकमको अध्यक्षता गर्दै सूचनाको हक लोकत्रान्तिक पद्धति स्थापना पश्चात मात्र संविधानमा प्रवेश पाएको र जनआन्दोलन पश्चातको संविधान सभाका जनप्रतिनिधिहरुले लोकतान्त्रिक पद्धतिमा नागरिकलाई सशक्त र अधिकारसम्पन्न बनाउन सूचनाको हक सम्बन्धी कानूनको आवश्यकता महसूस गरी कानून ल्याएको, विश्वमा १२९ भन्दा बढी देशमा सूचनाको हक सम्बन्धी कानून

बनेको, शुसासन, जवाफदेहिता, पारदर्शिता कायम गर्न पनि आवश्यक भएको सन्दर्भका कारण यो कानून आएको हुंदा हामी सबै जिम्मेवार नागरिकले यसको प्रवर्द्धन एवं सम्वर्द्धनमा लाग्न आवश्यक भएको विचार व्यक्त गर्नु भयो । नागरिकले सवै सूचना माग गर्न पाउने, नागरिक आफै उपस्थित हुन नपर्ने, अनलाई सूचना माग्न तथा पुनरावेदन गर्न पाइने व्यवस्था गरिएको, सार्वजनिक निकायले दिन मिल्ने नमिल्ने कानून हेरि निर्णय गर्नुपर्ने, नागरिकको सम्मान गर्दै माग गरेको सूचना समयमा उपलब्ध गराउन पर्ने, सूचना मागकर्तालाई सहजीकरण गर्न पर्ने, सूचना माग्न आउनै नपर्ने वातावरण बनाउन स्वत प्रकाशन तथा सार्वजनिकिकरणमा जोड दिन पर्ने, पत्रकार सम्मेलनका माध्यमवाट सवै जानकारी गराई रहन पर्ने जस्ता सुझावहरु दिनु भयो ।  व्यास नगरपालिकाले स्वत प्रकाशन नियमित गरेको तथा बैठकका निर्णयहरु वेवसाइटमा राख्ने गरेको, अन्य विवरणहरु अद्यावधिक गर्ने गरेकोमा प्रशंसा गर्दै यसलाई नियमितता दिदैं थप विषयहरु पनि सार्वजनिक गर्दै जान अनुरोध गर्नुभयो । कार्यक्रममा सहभागिहरुवाट उठेका जिज्ञाशाहरुको पनि प्रमुख आयुक्त गुरुङ्गले जवाफ दिनु भएको थियो ।

आयोगका सचिव श्री भागिरथ पाण्डेले सूचनाको हकका वारेमा भएका संवैधानिक तथा कानूनी व्यवस्था, सार्वजनिक निकायको दायित्व, दण्ड सजायको व्यवस्था, सूचनाको हक प्रयोग गर्दा हुने फाइदा र आयोगले अन्तरक्रिया कार्यक्रमवाट अपेक्षा गरेका विषयहरुमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । सचिव पाण्डेले सहभागीहरुवाट प्राप्त जिज्ञाशाहरुको जवाफ पनि दिनु भएको थियो ।

कार्यक्रममा तनहुं जिल्लाका प्रमुख जिल्ला अधिकारी विश्वप्रकाश अर्यालले कार्यालय प्रमुखको बैठकमा सूचनाको हक वारेमा छलफल हुने गरेको, कार्यालयहरुको वेवसाइट अपडेट नभएको प्रति छलफल गर्ने, सूचनाको हक कार्यन्वयनका लागि थप प्रयास गर्दै जाने प्रतिवद्धता व्यक्त गर्नु भएको थियो । व्यास नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत डिल्लीराम सिग्देलले व्यास नगरपालिकाले सूचनाको हकलाई उच्च प्राथमिकता दिएको, माग भएको सूचना उपलब्ध गराउने गरेको, निर्णयहरु वेवसाइटमा राख्ने गरिएको, प्रेस सम्मेलन नियमित रुपमा हुने गरेको, सूचनाको हक कार्यन्वयनमा लागि रहने विचार व्यक्त गर्नु भएको थियो ।

कार्यक्रममा सहभागीहरुले सूचना माग गर्दा आफै उपस्थित हुन पर्ने नपर्ने, अनलाइन माग गर्न पाइने नपाइने, कतिपय निकायको वेवसाइट अपडेट नभएको, कतिपय कानूनी प्रावधान बाझिएको झै देखिने जस्ता जिज्ञाशा तथा सुझाव राख्नु भएको थियो ।

कार्यक्रम सञ्चालन नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्री गणेश अधिकारीले सञ्चालन गर्नु भएको थियो भने आयोगका उपसचिव श्री कपिलप्रसाद उपाध्यायले स्वागत मन्तव्य व्यक्त गर्दै कार्यक्रमको उद्येश्य माथि पैकाश पार्नु भएको थियो ।

## १५.११ निर्वाचनको प्रक्रियामा सही सूचना विषयक अन्तरक्रिया कार्यक्रम

मिति : २०७८ चैत २८ गते सोमबार

राष्ट्रिय सूचना आयोगको आयोजनामा निर्वाचन प्रक्रियामा सही सूचना प्रवाह विषयक अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो । उक्त कार्यक्रमको अध्यक्षता राष्ट्रिय सूचना आयोगका प्रमुख सूचना आयुक्त महेन्द्रमान गुरुङ्गले गर्नुभएको थियो भने । कार्यक्रमको प्रमुख अतिथि प्रतिनिधि सभाका सम्माननीय सभामुख अग्नि प्रसाद सापकोटाज्यूले गर्नुभएको थियो । उक्त कार्यक्रममा आयोगका आयुक्त कमला ओली थापा र रत्न प्रसाद मैनालीका साथै राजनैतिक दलका प्रतिनिधिहरु, विज्ञहरु, विभिन्न सञ्चारमाध्यमका प्रतिनिधिहरु, आयोगका सचिव लगायत अन्य कर्मचारी उपस्थिति रहेको थियो ।

मन्तव्य राख्दै प्रमुख अतिथि सम्माननीय सभामुख अग्नी प्रसाद सापकोटाले सही सूचना प्रवाह हुन सक्यो भने मात्र लोकतन्त्र बलियो हुने, निर्वाचन स्वच्छ र निश्पक्ष हुने, लागु भएको आचार संहिता कार्यान्वयन गर्नुपर्ने लोकतन्त्रको आत्मा नै निर्वाचन रहेको,, देश र जनताको हितमा काम गर्नका लागि सही सूचनाको आवश्यकता पर्ने, जति धेरै पारदर्शी हुन सक्यो त्यती उत्तरदायी बनाउन सकिने, सूचनाको हक कार्यान्वयनमा आयोग गंभिरतापूर्वक लाग्नेमा आफू विश्वस्त भएको बताउनुभयो । कार्यक्रममा प्रमुख सूचना आयुक्त महेन्द्रमान गुरुङ्गले मतदाताले सही सूचना प्राप्त गरे मात्र निर्वाचनको निष्पक्षता रहने कुरालाई मध्यनजर गरी कार्यक्रम आयोजना गरिएको । सूचनाको तोडमोड अन्य बेलाभन्दा निर्वाचनको बेला बढी हुने संभावना रहन्छ । सामाजिक सञ्जालको सही प्रयोगबाट मात्र सही सूचना प्रवाह हुन सक्ने, सूचनको हक राजनैतिक दललाई पनि सार्वजनिक निकायको रुपमा लिएको गलत सूचना प्रवाहले समाजमा हिंसा समेत उत्पन्न हुन सक्ने । आचार संहितामा निर्वाचन आयोगको मात्र भूमिका हुने नभई सम्बन्धित सबैको उत्तिकै भूमिका र जिम्मेवार रहने हुँदा सबैले मतदाता समक्ष सही  सूचना सम्प्रेषण गर्न आवश्यक भएको विचार व्यक्त गर्दै उपस्थित सबैलाई नयाँ बर्षको शुभकामना व्यक्त गर्नुभयो ।

कार्यक्रमको अवधिमा भ्रामक सूचना र निर्वाचनमा पर्ने प्रभाव विषयमा विज्ञ टंक अर्याललले कार्यपत्र प्रस्तुतिको क्रममा परिवर्तित प्रविधिको विकाससँगै सूचनाको उपभोग बढ्दै गएकोमा निर्वाचनमा पर्ने प्रभाव र दायरा समेत बढ्ने हुन्छ बताउँदै सूचनाको जोखिम तथा दुरुपयोग र स्वतन्त्र आमसञ्चार नै प्रजातन्त्रको प्राणबायू भएकोबारे प्रकाश पार्नुभयो । गलत सूचना भिन्न प्रकारतर्फ आकर्षक हुने हुँदा त्यस्ता छिटो फैलिने तथ्य प्रस्तुत गर्दै आयोगले हुँदा करिब ३७% व्यक्तिमा यसले प्रभाव पारेको सर्वेक्षणबाट देखिएको  बताउनुभयो । निर्वाचनको क्रममा गलत सूचना प्रवाह हुँदा मतदातालाई भ्रमित पार्ने खतरा औंल्याउँदै हालै लागु भएको निर्वाचन आचार संहितामा केही थप/संशोधन हुनुपर्नेमा जोड दिनुभयो । निर्वाचन आयोगको वेवसाईट, फेसबुक पेज र टिवटर अकाउन्ट अद्यावधिक हुनुपर्ने जस्ता सुझाव विज्ञ अर्याललले राख्नुभएको थियो ।

त्यसैगरी सही सूचना प्रवाह र कानूनी व्यवस्था विषयक कार्यपत्र प्रस्तुतीको क्रममा संविधान तथा कानूनविद काशिराज दाहालले निर्वाचनमा राज्यको दायित्व, निर्वाचनमा हुने अनुत्पादक खर्चले गर्दा यसको प्रभाव राज्यका ३ वटै अंगमा पर्नसक्ने बताउनुभयो । सूचनाको हकबाट नागरिक नियन्त्रित सरकारको विकास हुने बताउँदै दाहालले गलत सूचना प्रवाह गर्दा हुने सजाय र क्षतिपूर्तिबारे विद्यमान कानूनमा रहेको व्यवस्थाबारे प्रकाश पार्नुभयो । विद्यमान अवस्थामा सरकार निर्वाचन आयोग संचारमाध्यम र सूचना आयोगले निर्वाह गर्नुपर्ने भूमिकाका बारेमा पनि संविधानविद, कानूनविद दाहालले प्रकाश पार्नुभएको थियो । मतदाता शिक्षा निरन्तर निर्वाचन आयोग र अन्य सम्बन्धित निकायको ध्यान जानुपर्ने, निर्वाचनमा हुने खर्चको श्रोतको सार्वजनिकीकरण हुनुपर्ने, कानून सरलीकृत हुनुपर्ने निर्वाचन संचालन गर्नका लागि (पर्यवेक्षक) को निष्पक्षता, आचार संहिता सही पालनाबाट मात्र निर्वाचन परिणाम स्वच्छ र निष्पक्ष हुने विषयमा प्रस्तीकरण दिनुभएको थियो ।

राजनीतिमा सक्रिय महिला विरुद्ध हुने हिंसा (मिडिया निगरानी) पानोस साउथ एशियाका दिपक अधिकारीले प्रस्तुतिको क्रममा राजनीतिमा सक्रिय महिला विरुद्ध परम्परागत र सामाजिक सञ्जालमा हुने भ्रामक समाचार र यसबाट पर्न सक्ने प्रभाव बारेको अध्ययनको तथ्याङ्क प्रस्तुत गर्नुभएको थियो । लैङ्गिक दृष्टिकोणबाट महिला राजनैतिक कर्मीको सूचनामा बढी घृणित शब्दावलीको प्रयोग हुने गरेको, अपमानजनक भनाई, इज्जतका प्रश्न उठाउने, भौतिक आक्रमणको धम्की जस्ता विषयमा पुरुषको भन्दा महिलाका सम्बन्धमा सामाजिक सञ्जालमा बढी हुने गरेको पाइएको

बताउनुभयो । सहभागीहरुको जिज्ञासाहरुको उत्तर कार्यपत्र प्रस्तुतीकर्ताले दिनुभएको थियो । कार्यक्रममा आयोग सचिव भागिरथ पाण्डेको स्वागत मन्तव्य राख्नेक्रममा निर्वाचन प्रक्रियामा नागरिकले स्वतन्त्र निर्णयबाट उमेद्दवार छनौट गर्न सूचनाको महत्वपूर्ण भूमिका रहन्छ ।

### १५.१२ अन्य कार्यक्रम

- रेडियो नेपालसँग सूचनाको हकसम्बन्धी जानकारीमूलक सामग्री उत्पादन र प्रसारण भैरहेको ।
- नेपाल टेलिभिजनसँग सूचनाको हकसम्बन्धी जानकारीमूलक सामग्री उत्पादन र प्रसारण भैरहेको
- गोरखापत्र दैनिकमा सूचनाको हकसम्बन्धी जानकारीमूलक सामग्री प्रकाशन गर्ने सम्झौता भएको ।

### १५.१३ बुलेटिन प्रकाशन

- आयोगबाट भएका क्रियाकलाप तथा कार्यहरुबारे सबैमा जानकारी गराउनका साथै अभिलेखका रुपमा राख्न सकिने उदेश्यबाट आयोगले सुरु गरेको त्रैमासिक प्रकाशन "सूचना मेरो अधिकारी" बुलेटिन नेपाली र अंग्रेजीमा प्रकाशन गर्ने गरिएको छ ।

### १५.१४ आयोगबाट मिति २०७८ कार्तिक देखि पुस मसान्तसम्म जरिवानाहरु

| सि.नं. | पुनरावेदक नाम | संस्थाको नाम | जरिवाना रकम | मिति | कैफियत |
|---|---|---|---|---|---|
| १ | हेमचन्द्र घिमिरे | धरान उप महानगरपालिका कार्यालय प्रमुख लक्ष्मी प्रसाद पौडेल | १०,०००।- | २०७७ चैत १७ | |

### १५.१५ आयोगबाट मिति २०७८ माघ देखि चैत मसान्तसम्म भएका बैठकका निर्णयहरु

## बैठक नं. २६७(३)२७
## मिति २०७८।११।०५
## निर्णय

१. फिलिपिन्सको Presidential Communications Operation Office ले प्रस्ताव गरेको Asian Access to Information Alliance (AAIA) का सन्दर्भमा 28 Jan, 2022 मा आयोजना गरेको भर्चुअल बैठकमा भएका छलफलका विषयहरु बारेमा आयोगका तर्फबाट सहभागी उपसचिव श्री विश्वबन्धु पौडेलले आयोगमा जानकारी गराउनु भयो । प्रस्तावित AAIA को MOU मा माग गरिएको यस आयोगको प्रतिकृया सन्दर्भमा थप छलफल तथा राय लिन पर्ने देखिएकोले उपयुक्त समयमा निर्णय गर्ने ।

२. सूचनाको हकको प्रभावकारी कार्यान्वयन गर्न सहयोग पुग्ने उद्देश्यबाट सार्वजनिक निकायका लागि र सूचना मागकर्ताका लागि तयार भएको सहयोगी पुस्तिकाको मस्यौदामा छलफल भयो । प्राप्त मस्यौदामा प्रत्यक्ष रुपमा नै राय प्रतिकृया दिन उपयुक्त हुने ठानी मस्यौदाकारलाई आयोगमा आमन्त्रण गरी सुझाव दिने ।

३.	कोरोना महामारीका कारण सूचना माकर्तालाई सूचना माग गर्न तथा प्राप्त गर्नका लागि मौखिकरुपमा सार्वजनिक निकायमा जान बाधा पुगी रहेको र सूचना प्रविधिको बढ्दो प्रयोगलाई ध्यानमा राखी विद्युतीय माध्यमबाट (इमेल) सूचना माग गर्न र सूचना उपलब्ध गराउन आयोगले प्रोत्साहन गर्ने गरेको छ । यसै क्रममा कतिपय सार्वजनिक निकायले विद्युतीय माध्यमबाट सूचना उपलब्ध गराउँदा सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम ४ बमोजिम प्रति पृष्ठमा लाग्ने शुल्क दरको हिसाबबाट शुल्क माग गर्ने गरेको पाइएको सन्दर्भमा विद्युतीय माध्यमबाट उपलब्ध गराउने सूचनाका हकमा के गर्दा उपयुक्त हुने हो छलफल गरी सुझाव दिन आयोगका आयुक्त श्री कमला ओली थापा, सचिव श्री भागीरथ पाण्डे, पुनरावेदन शाखाका उपसचिव श्री विश्वबन्धु पौडेल र कम्प्युटर अधिकृत राजन पाण्डे समेतको समितिले अर्को बैठकमा सुझाव दिने ।

४.	सार्वजनिक निकायमा सूचनाको हकसम्बन्धी बजेट तथा कार्यक्रम सम्बन्धमा देहायको व्यवस्था गर्न गराउन नेपाल सरकारका सार्वजनिक निकायहरुको हकमा नेपाल सरकारका मुख्य सचिव, प्रदेश सरकारका सार्वजनिक निकायहरुको हकमा प्रदेश सरकारका प्रमुख सचिव र स्थानीय तहका सार्वजनिक निकायहरुको हकमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सचिव मार्फत अनुरोध गर्ने ।

४.१	प्रत्येक सार्वजनिक निकायले सूचनाको हकसम्बन्धी कार्यक्रम तथा बजेट अनिवार्य रुपमा राख्ने व्यवस्था गर्ने । (कार्यक्रम प्रस्ताव गर्दा सूचनाको हक सम्बन्धमा सरोकारवालाहरुसँग अन्तरक्रिया, छलफल तथा नागरिकहरुका लागि सूचनाको हकसम्बन्धी अभिमुखिकरण, सूचनाको हकसम्बन्धी ब्रोसर तथा पुस्तिका प्रकाशन इत्यादि)

४.२	प्रत्येक सार्वजनिक निकायले सूचनाको हकसम्बन्धी कानून अन्तर्गत प्रकाशन गर्नुपर्ने स्वतः प्रकाशनका लागि पर्याप्त बजेटको व्यवस्था गर्ने ।

४.३	प्रत्येक सार्वजनिक निकायले सूचना अधिकारी लक्षित तालीम र अभिमुखिकरणका कार्यक्रमका साथै सहज र सजिलोका लागि मोबाइल, सिमकार्ड, इन्टरनेट तथा मसलन्दका लागि उपयुक्त व्यवस्था गर्ने गराउने ।

४.४	प्रत्येक सार्वजनिक निकायले सूचना मागकर्ताको सहजताका लागि सूचना कक्ष तथा निवेदकको नमूना तथा बस्ने, प्रतिक्ष गर्ने कक्षको व्यवस्था मिलाउने ।

५.	नियमित वार्षिक रुपमा यस आयोगका लागि प्राप्त भैरहने बजेट तथा कार्यक्रम छुट्टै नाममा नभई सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको एकमुष्ट सिलिङ्ग भित्र राखी उपलब्ध गराउने गरिएको छ । यसबाट आयोगले सम्पादन गर्ने कार्यक्रममा कुनै न कुनै रुपमा अस्पष्टता र असहजता हुने गरेको छ । संवैधानिक आयोगहरुका हकमा छुट्टै बजेट तथा कार्यक्रम स्वीकृति गर्ने व्यवस्था रहेको अवस्थामा सोही व्यवस्था बमोजिम नै संवैधानिक दायित्व पूरा गर्न स्थापित यस आयोगलाई पनि छुट्टै LIMBIS Code सृजना गरी आफ्नै नाममा बजेट सिलिङ्ग उपलब्ध गराउने व्यवस्था हुन अनुरोध गर्ने ।

६.	अन्य विविध समसामयिक विषयमाथि छलफल भयो ।

## बैठक नं. २६८(३)२८

## मिति २०७८।१२।२९

## निर्णय

१. स्वच्छ, स्वतन्त्र, आवधिक, प्रतिस्पर्धी, समावेशी निर्वाचन लोकतन्त्रको आधारशिला हो । लोकतन्त्रमा यस्तो विधिलाई सरकारको वैधता प्राप्त गर्ने माध्यमको रुपमा लिइन्छ । कुनै पनि लोकतान्त्रिक मुलुकमा सरकारलाई नागरिकको स्वतन्त्र, स्वच्छ, विवेकपूर्ण रूपमा निर्वाचनको माध्यमद्वारा व्यक्त गरेको मतबाट अख्तियारी प्राप्त हुन्छ । निर्वाचन स्वच्छ भयरहित र मर्यादित हुन सकेन भने त्यस्तो निर्वाचनको कुनै अर्थ रहन्न । मताधिकार र जनादेशको आधारमा शासन सञ्चालन गर्ने पद्धतिको स्वस्थ विकासबाटै लोकतन्त्र संस्थागत हुने हो । यस सन्दर्भमा निर्वाचनमा मतदाताको अत्याधिक सहभागिता, विवेकपूर्ण मतदान गर्न पाउने नागरिकको अधिकारको सुनिश्चितता, निर्वाचन खर्चमा मितव्ययीता, निर्वाचन सञ्चालन गर्ने निकाय र त्यसमा संलग्न पक्षहरूको निष्पक्ष र प्रभावकारी भूमिका, राजनीतिक दल र उम्मेदवारहरूबीचको स्वच्छ प्रतिस्पर्धा, नागरिक समाज, निर्वाचन पर्यवेक्षक, मानवअधिकारकर्मी, सञ्चारमाध्यमको पहरेदारिता, सरकारकोतर्फबाट शान्ति सुरक्षाको प्रत्याभूति, स्वच्छ र निष्पक्ष निर्वाचनको वातावरणजस्ता विषयहरूको सुनिश्चितता आवश्यक हुन्छ ।

लोकतन्त्रको संस्थागत विकासका निम्ति राज्यको कामकारबाही र सार्वजनिक सूचनामा नागरिकको सहज पहुँच हुनुपर्दछ । नागरिक सुसूचित भएमा नै नागरिक नियन्त्रित सरकारको विकास हुन सक्दछ । सही सूचनाको प्रवाहद्वारा नै शासनव्यवस्थाप्रति जनताको सहभागिता बढ्न गई शासन व्यवस्थाले वैधता प्राप्त गर्दछ । असन्तुलित शक्तिलाई सन्तुलन गर्न सूचनाको हक नागरिकको शक्तिशाली औजारको रूपमा लोकतान्त्रिक राज्य व्यवस्थामा आवश्यक मानिन्छ । सूचनाको हकले शासकीय व्यवस्थामा पारदर्शिता र जवाफदेहिता कायम गर्दै नागरिकको सशक्तीकरणद्वारा सुशासनको प्रवर्द्धन र लोकतन्त्रको सुदृढीकरण गर्दछ । सार्वजनिक सूचनामा नागरिकको पहुँचले खुला सरकारको अवधारणालाई स्थापित गर्दै भ्रष्टाचार, अन्याय र अत्याचारका विरुद्ध लड्न, सरकारी/निकायलाई बढी जवाफदेही बनाउन, सार्वजनिक प्रशासनलाई चुस्त सेवा प्रवाह गर्ने संयन्त्रको रुपमा आधुनिकीकरण गर्न, लगानी प्रवर्द्धन गर्न, मानव अधिकारको प्रयोगमा सहयोग पुऱ्याउन महत्वपूर्ण भूमिका निर्वाह गर्दछ ।

संघीय गणतान्त्रिक नेपालमा रहेका ७ सय ५३ स्थानीय तहमा दोस्रो अवधिका लागि जनप्रतिनिधि चुन्न २०७९ बैशाख ३० गते निर्वाचन घोषणा भएको छ । यसै सन्दर्भमा निर्वाचनमा मतदातालाई विवेकको मत व्यक्त गर्न सशक्तीकरण गर्ने, निर्वाचन प्रक्रियालाई स्वच्छ र मर्यादित बनाउन, शान्ति सुरक्षाको प्रत्याभूति गराउन, सरकार र राजनीतिक दलहरूलाई बढी जिम्मेवार र जवाफदेही बनाउन, निर्वाचनमा हुने अनुत्पादक खर्च हरूलाई रोक्न, निर्वाचनमा हुने खर्चलाई पारदर्शी बनाउन, गलत र भ्रामक समाचार र सूचनाले पार्ने प्रभावलाई अन्त्य गर्न, संविधानले अपेक्षा गरेको तहगत सरकारको भूमिकालाई प्रभावकारी बनाउनका लागि सक्षम, योग्य, इमान्दार नेतृत्वदायी भूमिका निर्वाह गर्नसक्ने क्षमतावान, समावेशीकरण र लैङगिकताका दृष्टिले समेत उचित जनप्रतिनिधित्वको सुनिश्चितताका निम्ति नागरिकमा सही सूचना प्रवाह आवश्यक छ । यसका निम्ति संचारमाध्यम र सामाजिक सञ्जालमार्फत् प्रवाह हुने सूचना र समाचार सही, सत्य, स्वच्छ, व्यक्तिको गोपनीयता संरक्षण, द्वेषपूर्ण अभिव्यक्तिको निषेध, मानवअधिकार प्रतिको सम्मान, निर्वाचन आचार संहिताको पालना, मुलुकको सार्वभौमसत्ता, स्वतन्त्रता, अखण्डता र राष्ट्रिय हित र राष्ट्रिय एकता, सामाजिक सद्भाव जस्ता कुरामा प्रतिकूलता हुन नदिने गरी सजग भई स्वच्छ जनमत निर्माणमा सक्रिय भूमिका आवश्यक छ ।

सूचनाको हक लोकतन्त्रको आधारस्तम्भ भएकाले संयुक्त राष्ट्रसंघले सन् २००४ मा सार्वजनिक निकायमा सूचनाको पहुँचको अधिकार मौलिक मानवअधिकार हो, राष्ट्रिय कानुनले अधिकतम सूचनाको सार्वजनिकिकरण (Maximum Disclosure) गर्ने सिद्धान्तलाई आत्मसात् गरी सार्वजनिक हितको निम्ति सीमित अपवादको विषयबाहेकका सबै सूचनामा नागरिकको पहुँच सुनिश्चितता हुनुपर्ने घोषणा गरेको छ। यसैगरी सन् १९६६ को नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धको धारा १९ ले सूचनाको हकलाई सुनिश्चितता प्रदान गरेको छ। सूचनाको हकको महत्वलाई आत्मसात गर्दै सन् १९९० सम्ममा एक दर्जन जति मुलुकहरूले यस सम्बन्धी संवैधानिक र कानूनी व्यवस्था गरेकोमा लोकतन्त्रको लहरसँगै (Wave of Democracy) अहिले विश्वका १२९ भन्दा बढी मुलुकहरूले संविधान र कानुनद्वारा नागरिकको सूचना पाउने हकलाई संरक्षित र सुनिश्चित गरेका छन् ।

नेपालले विक्रम संवत २०४७ सालको जन आन्दोलनको परिणाम स्वरुप जारी भएको नेपाल अधिराज्यको संविधान, २०४७ मा पहिलोपटक सूचनाको हकलाई संवैधानिक संरक्षण प्रदान गरियो । यस संवैधानिक व्यवस्थालाई लागू गर्न सर्वोच्च अदालतले विभिन्न मुद्दाहरूमा सूचनाको हकको महत्वलाई स्पष्ट व्याख्या गर्दै कानुन बनाउनसमेत आदेश गरेको पृष्ठभूमिमा नेपालको अन्तरिम संविधान, २०६३ ले सूचनाको हकलाई पूर्ववर्ती संविधानले जस्तै निरन्तरता दिन पुग्यो । सार्वजनिक निकायमा रहेको सार्वजनिक महत्वको सूचनामा आमनागरिकको पहुँचलाई सरल र सहज बनाउन साथै नागरिकको सुसूचित हुने हकलाई संरक्षण र प्रचलन गराउने उद्देश्य लिई सूचनाको हकसम्बन्धी ऐन, २०६४ र नियमावली, २०६५ जारी गरी कार्यान्वयनको अवस्थामा रहेको छ। सूचनाको हकसम्बन्धी ऐन, २०६४ले प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुने कुराको सुनिश्चितता गर्दै प्रत्येक सार्वजनिक निकायले नागरिकको सूचनाको हकको सम्मान र संरक्षण गर्नु गराउनुपर्ने गरी ऐनले सार्वजनिक निकायको दायित्व तोकेको छ। यसैगरी यस ऐनले केही सीमित अपवादका विषयहरू बाहेक खुला सरकारको अवधारणा, सूचनादाताको संरक्षण, सूचना प्रवाह गर्ने प्रणालीको विकास गर्न गराउन आवश्यक अधिकार सहित अर्धन्यायिक भुमिका निर्वाह गर्ने गरी राष्ट्रिय सूचना आयोगको विशेष व्यवस्था, सूचना वर्गीकरण सम्बन्धी व्यवस्था जस्ता कुराहरू गरेको छ। यस ऐनको माध्यमद्वारा नागरिकले महत्वपूर्ण सही सूचना प्राप्त गर्न केही सफलता हासिल गरेका छन् ।

नेपाल संविधानको धारा १७ को उपधारा (२) को खण्ड (क) को प्रतिबन्धात्मक वाक्यांश (१), (२), (३), (४), (५) र (६)ले स्वतन्त्रताको हक निरपेक्ष नहुने गरी संतुलनको सिद्धान्तलाई स्वीकार गरेको छ। यसैगरी धारा १९ मा सूचनाको हकअन्तर्गत कतिपय अवस्थामा मनासिव प्रतिबन्ध लगाउने गरी ऐन बनाउन सकिने कुरा उल्लेख गरी गलत र भ्रामक सूचना प्रवाहमा रोक लगाउने संवैधानिक व्यवस्था गरेको छ ।

नेपालको संविधानले आत्मसात गरेको सिद्धान्त र मान्यताका आधारमा जारी भएको मुलुकी अपराध संहिता, २०७४ ले झुट्टा अफवाह फैलाउन नहुने (दफा ७०), झुट्टा जानकारी दिन नहुने (दफा ८४), झुटा कुरा अभिलेखमा राख्न नहुने (दफा ८९), झुठा सूचना दिन नहुने (दफा ९८), अश्लील सामग्री प्रकाशन, प्रचारप्रसार गर्न नहुने (दफा १२१) जस्ता व्यवस्था गरी अन्यथा त्यस्ता गलत सूचना प्रवाहको कार्य कसुरजन्य मानी दण्डनीय हुने व्यवस्था गरेको छ। यसैगरी अपराध संहिताले व्यक्तिको गोपनीयता तथा प्रतिष्ठा विरुद्धको कसुर सम्बन्धी विशेष व्यवस्था गरी व्यक्तिको गोपनियता विरुद्धको कार्यलाई दण्डनीय बनाई पिडित पक्षलाई पीडकले क्षतिपूर्ति दिनुपर्ने समेतको व्यवस्था गरेको छ। यसैगरी यस संहिताले प्रतिष्ठा विरुद्धको कसुर अन्तर्गत कसैले कसैलाई होच्याउने नियतले बोली वा वचनले अपमानजनक शब्द प्रयोग गरेमा निजले गाली गरेको मानी त्यस्तो गर्नेलाई कैद र जरिवानाको व्यवस्था गरेको छ । यसैगरी अरूको इज्जतमा धक्का पुर्याउने नियतले कुनै किसिमबाट प्रचारप्रसार गरेमा

बेइज्जतीको कसुर गरेको मानी कैद र जरिवानाको सजाय र क्षतिपूर्ति समेत भराउनु पर्ने व्यवस्था गरेको छ ।

विज्ञापन (नियमन गर्ने ऐन), २०७६ ले गाली बेइज्जती हुने गरी, सार्वजनिक शिष्टाचार वा नैतिकताको प्रतिकूल हुने गरी, धर्म, वर्ण, लिङ्ग, जात जाति वा सम्प्रदायबीचको सुसम्बन्धमा खलल पार्ने वा कुनै पनि आधारमा विभेद हुनेगरी भ्रम वा अफवाह फैलाउने उत्तेजना फैलाउने वा अन्य त्यस्तै अमर्यादित व्यवहार गर्ने गरी स्वच्छ प्रतिस्पर्धामा प्रतिकूल असर पार्ने गरी, कसैले पनि निर्वाचनको स्वच्छतामा प्रतिकूल असर पार्ने गरी वा निर्वाचनमा अवरोध गर्ने गरी विज्ञापन गर्न गराउन नपाउने गरी रोक लगाएको छ । यसैगरी यस ऐनले आधिकारीक रुपमा जानकारी नभई विज्ञापन गर्न नहुने, सम्बन्धित व्यक्तिको मन्जुरी बिना कसैको इमेल वा मोबाइलमा इमेल वा एस.एम.यस बाट विज्ञापन तथा सन्देश मुलक सूचना पठाउन नपाइने व्यवस्था गरी ऐनले निषेध गरेको कुरा गरेमा दण्डनीय बनाएको छ ।

विद्युतीय कारोबार ऐन, २०६३ को दफा ४७ ले विद्युतीय सञ्चार माध्यमहरूमा प्रचलित कानूनले प्रकाशन तथा प्रदर्शन गर्न नहुने भनी रोग लगायतका सामग्रीहरू वा सार्वजनिक नैतिकता, शिष्टाचार विरुद्धका सामग्री, कसैप्रति घृणा वा द्वेष फैलाउने वा विभिन्न जातजाती सम्प्रदायबीचको समुधुर सम्बन्धलाई खलल पार्ने किसिमका सामग्रीहरू प्रकाशन वा प्रदर्शन गर्ने वा गर्न लगाउने व्यक्तिलाई एक लाख रुपैयाँ सम्म जरीवाना वा ५ वर्षसम्म कैद वा दुवै सजाय हुने व्यवस्था गरेको छ । यो व्यवस्था पुनरावलोकन हुनु पर्ने भन्ने प्रश्नहरू पनि उठिरहेका छन् ।

संविधान कानून र अन्तर्राष्ट्रिय मानवअधिकार सम्बन्धी दस्तावेजहरूले सहि र सत्य सूचनाको प्रवाहबाट नै स्वस्थ्य जनमत निर्माण हुन सक्ने भई नागरिकको सुसूचित हुने हको सम्मान, संरक्षण र प्रचलन भई संवैधानिक लोकतन्त्र गतिशील हुन सक्ने मान्यतालाई आत्मसात गरेको छ । यस सन्दर्भमा सूचना प्रवाह गर्ने संघसंस्था लगायत विभिन्न सञ्चारमाध्यम र व्यक्तिहरूले समाजलाई हानी पुर्याउने किसिमले सूचना प्रवाह नगरी सही सत्य सूचना प्रवाह गर्नुपर्ने कर्तव्य कानुनले निर्धारण गरेको छ ।

निर्वाचन आयोगद्वारा जारी गरेको निर्वाचन आचारसंहिताले निर्दिष्ट गरेको मान्यतालाई पालना गरी निर्वाचनसम्बन्धी सूचना र समाचार सम्प्रेषण गर्दा सञ्चारमाध्यमको भूमिका स्वतन्त्र र निष्पक्ष हुनुपर्दछ । राजनीतिक दल, उम्मेदवार, समर्थक वा जोसुकैले पनि गैरकानुनी सूचना र समाचार प्रवाह गर्न गराउन सञ्चारमाध्यमलाई दबाव दिन वा प्रभावमा पार्न हुँदैन। सञ्चारमाध्यमहरूले सुचना र समाचार सम्प्रेषण गर्दा निष्पक्षता र सन्तुलनका नियमलाई सम्मान र पालना गर्ने (respect rules of impartiality and balance) कुराहरूलाई व्यवहारमा रुपान्तरण गर्नुपर्ने हुन्छ । यसैगरी सबै दल र उम्मेदवारहरूलाई सञ्चारमाध्यमबाट समन्यायिक पहुँच (equitable access) दिनु पर्दछ । निर्वाचन आयोग र निर्वाचनमा संलग्न सबै निकाय र पदाधिकारीहरूले सञ्चार माध्यमलाई समयमै स्पष्ट सूचना र समाचारहरू उपलब्ध गराउनका निम्ति सक्रिय सूचना प्रवाहको व्यवस्था त्यत्तिकै आवश्यक हुन्छ ।

राष्ट्रिय सूचना आयोगले २०७८ चैत २८ गते निर्वाचन प्रक्रियामा सही सूचना प्रवाह विषयक अन्तरक्रिया कार्यक्रमको आयोजना गरेको थियो । उक्त कार्यक्रममा आयोगका पदाधिकारी तथा कर्मचारीका साथै राजनैतिक दलका प्रतिनिधिहरू, विज्ञहरू, विभिन्न सञ्चारमाध्यमका प्रतिनिधिहरूको उपस्थिति रहेको थियो । कार्यकममा ३ वटा कार्यपत्रहरू प्रस्तुत भएका थिए । कार्यपत्र पेश भए पश्चात सहभागीहरूले विभिन्न विषयमा सुझाव तथा जिज्ञाशाहरू राखेका थिए । सहभागीहरूले उठाएका विषयहरूको संक्षिप्त विवरण यसैसाथ संलग्न छ ।

आयोगले आयोजना गरेको उल्लेखित अन्तरकिया कार्यकममा पेश भएका कार्यपत्रहरूमा दिइएका सुझावहरू र सहभागीहरूले उठाएका विषयहरू बारेमा आयोगको वैठकमा छलफल भयो । सूचनाको

हक सम्बन्धी कानूनमा भएका प्रावधान, प्रचलित कानूनी व्यवस्था तथा प्राप्त सुझावहरूको आधारमा देहाय बमोजिम गर्न गराउन सूचनाको हक सम्बन्धी ऐन २०६४ को दफा १९ को खण्ड (ग) र (ङ) बमोजिम आदेश/अनुरोध/आव्हान दिने/गर्ने निर्णय गरेकोछ ।

**(क) निर्वाचन आयोगका हकमा**

- मतदाता शिक्षालाई थप प्रभावकारी र व्यापक बनाउन अधिकतम मतदाता समक्ष पुग्ने व्यवस्था मिलाउने ।
- मतदान के का लागि, मतदानको महत्व, मतदान प्रकृया वारेमा व्यापक प्रचार प्रसार गर्ने गराउने । यसरी प्रचार प्रसार गर्दा बहुसंख्यक जनसंख्याले बोल्ने मातृभाषामा समेत गर्ने गराउने ।
- निर्वाचनसँग सम्बन्धित ऐन, कानुन, निर्देशिका, कार्यविधि, आचारसंहिताका आधारभूत कुराहरू मतदाता र सम्बन्धित पक्षहरूलाई समयमै सुसूचित गर्ने गराउने,
- निर्वाचनमा राजनीतिक दलहरूले बनाएका उम्मेदवारहरूको पृष्ठभूमि, उनीहरूलाई उम्मेदवार बनाउनुको कारण सहितको विवरण राजनीतिक दलहरूले समयमा नै जनतालाई सुसूचित गर्न लगाउने,
- लैङ्गिकता र समावेशीकरणको सिद्धान्तका आधारमा निर्वाचनमा उम्मेदवार बनाउँदा राजनीतिक दलहरूले के कति हदसम्म यस सिद्धान्तलाई अवलम्बन गरेका छन् भन्ने कुरा जनतामा सुसूचित गराउन लगाउने,
- सहज र भयरहित मतदान गर्न गरिएको निर्वाचन व्यवस्थापन र सुरक्षाको प्रत्याभूतिका सम्बन्धमा मतदातालाई आस्वस्त हुनेगरी सुसूचित गर्न गराउन लगाउने,
- सामाजिक वा सांस्कृतिक दृष्टिले पछाडि पारिएका महिला, दलित, आदिवासी, जनजाति, मधेशी, तथा मुस्लिम, उत्पीडीत वर्ग, पिछडा वर्ग, अल्पसंख्यक, सीमान्तकृत, अपांगता भएका व्यक्तिहरूमा निर्वाचन सम्बन्धी सम्पूर्ण सूचना पुग्ने सुनिश्चितता गर्ने,
- निर्वाचनमा स्वच्छता कायम राख्न र निर्वाचनमा हुने अनुत्पादक खर्चलाई नियन्त्रण गरी निर्वाचनलाई मर्यादित बनाउन राजनीतिक दलहरूले संकलन गरेको आर्थिक कोषको स्रोत र खर्चका विवरणहरू सही सत्य र यथार्थ जनतालाई समय मै सूचित गर्न लगाउने,
- नेपालको संविधानले व्यवस्था गरेको नेपाली नागरिकको सूचनाको हकमाथि निर्वाचनका क्रममा कुनैपनि तवरबाट अतिक्रमण नहुने व्यवस्था मिलाउने,
- मतदान गर्नु अघि मतदान गर्ने नागरिकलले मतदाता सूचीमा आफ्नो नाम भए/नभएको एकीन गर्नका लागि निर्वाचन आयोगको वेवसाईटमा मतदाता नामावली अद्यावधिक गर्नुपर्ने,
- निर्वाचनसम्बन्धी सामग्रीहरूको बन्दोबस्त, मानव स्रोतको व्यवस्थापन, आर्थिक अनुशासन, आचारसंहिताको पालना र उल्लंघनका घटना, निर्वाचन पर्यवेक्षकको व्यवस्थापन लगायतका निर्वाचनसँग सम्बन्धित विविध पक्षको सही सूचना समय मै जनता समक्ष प्रवाह गर्ने गराउने,
- निर्वाचन आयोगको वेवसाइट तथा सामाजिक संजाल नियमित रुपमा अद्यावधिक गर्ने गराउने,

- मिथ्या, भ्रमपूर्ण, गलत सूचना नियन्त्रण गर्न नेपाल सरकार तथा नियामक निकायहरू सँग समन्वय गर्ने गराउने ।
- सबै मतदातासँग आयोगको वेवसाइटमा पहुँच नहुन सक्छ । तसर्थ, निर्वाचनमा भाग लिएका प्रत्येक राजनीतिक दल वा तिनका प्रतिनिधिहरूलाई प्रत्येक बुथमा सम्बन्धित क्षेत्रमा मतदाताको विवरण संलग्न मतदाता नामावलीको एक प्रति संलग्न कपी निःशुल्क उपलब्ध गराउने व्यवस्था मिलाउने,
- निर्वाचनको क्रममा पनि नेपालको संविधान र सूचनाको हकसम्बन्धी ऐन, २०६४ ले प्रदान गरेको सूचना माग्ने र पाउने हक प्रति सचेत रहने ।

**(ख) नेपाल सरकारका हकमा**

- निर्वाचनलाई स्वच्छ, निस्पक्ष र स्वतन्त्र रुपमा सम्पन्न गर्न गराउन नेपाल सरकारका सम्बद्ध निकायहरूको महत्वपुर्ण जिम्मेवारी रहने आयोगको ठहर रहेको छ ।
- निर्वाचनका सन्दर्भमा सार्वजनिक निकायहरूले जारी गर्ने सूचना समय मै सबै सर्वसाधारणले थाहा पाउने गरी प्रवाह गर्ने गराउने,
- मिथ्या, गलत, भ्रमपुर्ण सूचनाहरू उपर निगरानी राख्न नियमनकारी निकायहरूलाई सकृय बनाउने ।
- नेपालको संविधान र सूचनाको हकसम्बन्धी कानूनले प्रदान गरेको सूचना माग्ने र पाउने संवैधानिक हक निर्वाचनका क्रममा थप महत्वपूर्ण हुने हुँदा सार्वजनिक निकायहरूलाई सूचनाको हकप्रति संवेदनशील रहन सचेत गर्ने गराउने ।

**(ग) राजनैतिक दलको हकमा**

- राजनैतिक दलहरूले आफुले सार्वजनिक  गर्नुपर्ने सम्बन्धित सूचना समय मै सर्वसाधारणले थाहा पाउने गरी प्रवाह गर्नु गराउने,
- राजनैतिक दलहरूले आफु संलग्न रहेको सामाजिक संजाल र संजालमा रहेको दलको नाम सार्वजनिक गर्ने गराउने ।

**(घ) सर्वसाधारण नागरिकको हकमा**

- कुनै पनि सूचना अधिकारिक निकायबाट जारी भएको हो कि होइन भनी यकिन गर्ने,
- आधिकारिक निकायबाट जारी नभएका प्रकाशन सामग्रीहरूको भर नपर्ने, विश्वास नगर्ने,
- भ्रामक, मिथ्या गलत सूचना प्रवाह भैरहेको जानकारीमा आए नियामक निकायमा जानकारी गराउने,
- सामाजिक संजालमा शेयर भएका सबै सूचनाहरू सत्य हुन्छ भन्ने हुँदैन । लाईक वा शेयर गर्नु अघि समाचार स्रोत विश्वसनीय र आधिकारिक भएको यकिन गर्ने,
- निर्वाचनको क्रममा पनि नेपालको संविधान र सूचनाको हकसम्बन्धी कानूनले प्रदान गरेको सूचना माग्ने र पाउने हक प्रति सचेत रहने ।

२.	आगामी बर्ष २०७९/८० का लागि नेपाल सरकारबाट यस आयोगको लागि रु ४ करोड ८० लाखको सिलिङ्ग प्राप्त हुन आएको छ । प्रत्येक बर्ष बिनियोजन भैरहेको अपर्याप्त बजेटका कारण आयोगले नेपालको संविधान तथा सूचनाको हकसम्बन्धी कानूनले दिएको जिम्मेवारी पूरा गर्न पर्याप्त कार्यक्रमहरु सञ्चालन गर्न बाधा पुगिरहेको छ । यस बारेमा आयोगले बार्षिक प्रतिवेदन ०७७/७८ मार्फत पनि विषय उठान गरेको छ । आगामी बर्षको लागि प्राप्त सिलिङबाट पनि अपेक्षित रुपमा कार्यक्रम सञ्चालन गर्न बाधा पुग्ने अवस्था प्रति आयोग चिन्तित र गंभीर रहेको छ। यस अवस्थामा आयोगलाई न्यूनतम रुपमा पनि प्राप्त सिलिङ्गमा रु. ५६ लाख थप बजेट व्यवस्था हुन सञ्चार तथा सूचना प्रविधि मन्त्रालय र अर्थ मन्त्रालयमा अनुरोध गर्ने ।

३.	विविध विषयमा छलफल भयो ।

**१६.	सार्वजनिक निकायको वेवसाइट :**

यस राष्ट्रिय सूचना आयोगको वेबसाइट **www.nic.gov.np** रहेको छ ।

**१७.	आयोगले वर्गिकरण तथा संरक्षण गरेको सूचनाको नामावली:** सबै सूचना खुल्ला रहेको ।

**१८.	आयोगमा परेका सूचना माग सम्बन्धी निवेदन : माग भएको र उपलब्ध गराएको १ वटा ।**

**१९.	यस आयोगबाट निम्न प्रकाशन प्रकाशन गरी वितरण भएको छ ।**

१९.१ बार्षिक प्रतिवेदन २०६५/०६६-२०७६।०७७ सम्म
१९.२ सचित्र पुस्तिका
१९.३ खुल्ला सरकारी तथ्याङ्क (Open Government Data - OGD) सम्वन्धी प्रतिवेदन
१९.४ Guidelines of Public Information Officers (PIOS)
१९.५ आयोगका जानकारीमूलक ब्रोसियर
१९.६ National Startegic Plan of Action (NSPA) 2073, 2074, 2075
१९.७ Right to Information (RTI) Journal
१९.८ Proactive Disclosure Management System (PDMS) Guidebook
१९.९ Management Information System (MIS) Guidebook
१९.१० सूचनाको सन्देश (पाठ्यसामग्री)
१९.११ शिक्षक स्रोत सामग्री (सूचनाको हक र सुशासन)
१९.१२ अनुगमन तता मूल्यांकन प्रतिवेदन- २०७५
१९.१३ सफलताका कथा २०७३, २०७४, २०७५
१९.१४ विभिन्न वर्षमा आयोगबाट भएका मुख्य मुख्य आदेशहरु

**प्रस्तुत विवरण आयोगका बेवसाईट www.nic.gov.np मा हेर्न सकिने छ ।**

फोन नं ०१-४४६४४१२, ४४९६५४४
फ्याक्स : ०१-४४९६५४५
इमेल : info@nic.gov.np
वेबसाईट : www.nic.gov.np
**Facebook/Twitter :**
**https://www.facebook.com/rtinepal,**
**https://twitter.com/suchanaayog**